महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८
मदाने गाउँपालिका, गुल्मी

महालेखापरीक्षकको कार्यालय

काठमाण्डौं,नेपाल

Scanned with CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
लुम्बिनी,कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः२०७८।७९
च.नं. ६२

मितिः२०७८।५।४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मदाने गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,गुल्मी ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायव महालेखापरीक्षक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं - प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

Scanned with CamScanner

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

Scanned with CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

स्थानीय तहको राय सहितको प्रतिवेदन
(लुम्बिनि,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: २०७८/७९
च.नं. ६२

मिति:२०७८।५।४

श्री अध्यक्षज्यू,
मदाने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,गुल्मी ।

विषय: लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले मदाने गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.२५ लाख ४६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१५ लाख ८४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.९ लाख २४ हजार र नियमित गर्नुपर्ने रु.३८ हजार रहेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।११।२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया र प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना बतिस (३२) यसै साथ संलग्न छ । .
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

Scanned with CamScanner

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

Scanned with CamScanner

मदाने गाउँपालिका
लेखापरीक्षण प्रतिबेदन
२०७६।७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु मदाने गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ९४.५२ वर्ग किलोमिटर क्षेत्रफल तथा २७ हजार ३९ जनसंख्या रहेको छ ।

स्थानिय सञ्चितकोष : आर्थिक वर्ष २०७६।७७ स्थानिय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

सि.	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		6246025.89	१	**चालु खर्च**	265786261.35	265786261.35
	क) नगद		00	२	**पूँजीगत खर्च**	139397817.00	139397817.00
	ख) बैंक	6246025.89	00	३	**वितिय व्यवस्था भुक्तानी**		00
	धरौटी मौज्दात		00		क) ऋण भुक्तानी		00
	कल्याणकारी कोष मौज्दात		00		ख) ब्याज भुक्तानी		00
२	**राजस्व (आन्तरिक आय)**		52833024.14		ग) अन्य भुक्तानी		00
	क) आन्तरिक राजस्व	1967791.00	00	४	**लगानी**		00
	ख) राजस्व बाँडफाँड संघ	44945838.50	00		ऋण लगानी		00
	ग) राजस्व बाँडफाँड प्रदेश	5919394.64	00		शेयर लगानी		00
३	**वित्तिय हस्तान्तरण संघ**		279292000.00		अन्य लगानी		00
	क) वित्तिय समानीकरण अनुदान	89600000.00	00	५	**धरौटी फिर्ता**	2926431.00	2926431.00
	ख) सशर्त अनुदान	178692000.00	00	६	**जनश्रमदान फिर्ता**		00
	ग) समपूरक अनुदान	5000000.00	00	७	**कोष फिर्ता**		00
	घ) विशेष अनुदान	6000000.00	00	८	**मौज्दात**		25092336.68
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		36340000.00		क) बैंक मौज्दात	25092336.68	00
	क) वित्तिय समानीकरण अनुदान	4140000.00	00		ख) नगद मौज्दात		00
	ख) सशर्त अनुदान	9000000.00	00	९	**शसर्त अनुदान फिर्ता**		28699604.00
	ग) समपुरक अनुदान	15000000.00	00		क) संघिय अनुदान		00
	घ) विशेष अनुदान	8200000.00	00		ख) प्रदेश अनुदान		00
५	**अन्तर स्थानीय तहबाट प्राप्त**		00		ग) सामाजिक सुरक्षा		00
६	**अन्य**		00		घ) संघिय समपुरक		00
	क) क्षेत्रीय शहरी विकास योजना		00		ङ) संघिय समपुरक		00
	ख) सडक बोर्ड नेपाल		00	१०	**गत वर्षको बढी अल्या**		00
	ग) पर्यटन बोर्ड नेपाल		00	११	**जनश्रमदान मौज्दात**		00
	घ) एन एन एस डब्लु ए		00	१२	**धरौटी मौज्दात**	5248699.00	5248699.00
७	**विभिन्न कोषतर्फको आय**	1035439.00	1035439.00	१३	**कोष खाताको मौज्दात**		00
८	**विपद् व्यवस्थापन कोष**	00	00		क) विपद् व्यवस्थापन कोष		00
९	**विषयगत निकायबाट प्राप्त**	86387656.00	86387656.00	१४	**अन्य व्यय**		00
१०	**धरौटी आय**	5017004.00	5017004.00				00
११	**लगानीको साँवा फिर्ता**		00				00
१२	**अन्य विविध आय**		00				00
	जम्मा		467151149.03		जम्मा		467151149.03

Scanned with CamScanner

भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
वित्तीय विवरण विश्लेषण	
वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणतमक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयरा गरि लेखापरीक्षणमा पेश भएन। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • स्थानियकोष को संचालन, व्यवस्थापन र प्रतिवेदनमा एकरुपता र सुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (सुत्र) को व्यवस्थित तरिकाले प्रयोग गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत	

Scanned with CamScanner

का	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	भई वितणमुखि रहेको पाईयो । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.२६९६८३२८।०० तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका	

Scanned with CamScanner

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
3.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
	बजेट तथा कार्यक्रम	
4.	**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा संभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष/उप प्रमुख श्री सरीता खड्काले मिति २०७६।३।८ गते रु.३४ करोड ८१ लाख ७० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।१०। मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७/४/६मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
5.	**बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
6.	**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम,	

Scanned with CamScanner

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

7. **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

(हजारमा)

क्र.स.स	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोश्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१	चालु खर्चतर्फ	२६५७८६	६५३३९	१८८२५	१८१६२३	१२५७५०
२	पूँजिगत खर्चतर्फ	१३९३९८	८५०	७३५५	१३११९२	१२०८५३
	जम्मा	४०५१८४	६६१८८	२६१८०	३१२८१५	२४६६०३
	प्रतिशत		१६.३४	६.४६	७७.२०	६०.८६

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४०५१८४०७९निकासा भएकोमा प्रथम चौमासिकमा रु.६६१८८४९३/-अर्थात १६.३४ प्रतिशत, दोश्रो चौमासिकमा रु.२६१८०२६०, अर्थात ६.४६ प्रतिशत र तेश्रो चौमासिकमा रु.३१२८१५३२६ अर्थात ७७.२प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा मात्र रु.२४६६०३२०९ अर्थात ६०.८६प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

8. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	३१५८१०००	१४३५४१९५	४.६०
२	पूर्वाधार विकास	९२६४००००	७६७६३८३३	२४.३
३	सामाजिक विकास	२१०२८२०००	१७६७९१०१९.२६	५६.१
४	वातावरण तथा विपद व्यवस्थापन	५०१५०००	४११४५७२	१.३
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	०	०	०
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	८१५४००००	४३१७५५३७	१३.७
	जम्मा	३९७६५८०००	३१५१९९१५६.२६	

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५६.१ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा बजेट विनियोजन र खर्च भएको पाइएन।

9. **खर्च बिश्लेषणः** पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु.१९६७७९१/- राजश्व वाडफाड र अनुदानबाट रु.३६६४९७२३३/-समेत रु.३६८४६५०२४/-आम्दानी भएकोमा चालु तर्फ रु.२६५७८६२६१/- र पूजिगत तर्फ रु.१३९३९७८१७/- समेत रु.४०५१८४०७८/- खर्च भएको छ ।खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.४९ प्रतिशत रहेको छ।यस वर्ष पदाधिकारीमा रु.८३४२०००/- खर्च भएको छ जुन आन्तरिक आयको ४२३.९३ पर्तिशत रहेको छ।पालिकालाई प्राप्त सवै अनुदान र राजश्व वाडफाडको रकमबाट ७२.५२ प्रतिशत चालु र ३८.०४ प्रतिशत मात्र पुजिगत निर्माण खर्च भएको

Scanned with CamScanner

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

देखिन्छ । यसबाट पालिकाहरुले विकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा वढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजश्व वाडफाडको रकम अधिकरुपमा विकास निर्माणमा पंरिचालन गरिनु पर्दछ ।

10. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	३४१	६	५	१८	२०

संगठन तथा कर्मचारी व्यवस्थापन

11. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, सव-इन्जीनियर, सहित ३२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

12. **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

13. **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ

वडा संख्या	वड सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
७	७	७	-

14. **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	०

Scanned with CamScanner

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

पञ्जिकरणतर्फ	
जन्मदर्ता	९५०
मृत्युदर्ता	१६०
बसाईसराई दर्ता	१५४
विवाह दर्ता	०
सम्बन्धविच्छेद दर्ता	२
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	०
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	१३०० मिटर
ग्राभेल सडक मर्मत	०
कच्चा सडक स्तरोन्नति	८५ कि.मि
न्यू ट्रायाक ओपन	१२ कि.मी

15. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
९०	५४	९१	१८	२३	१७६

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा २७६ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ९० वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्थातर्फ ध्यान दिनु पर्दछ ।

कानून निर्माण एवं कार्यान्वयन

16. **कानून र सञ्चालन स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन, ११ वटा नियमावली, १३ कार्यविधि लगायत २८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

17. **न्यायीक समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो वर्ष थप भएको २२ गरी कुल २५ विवाद दर्ता भएकोमा १७ वटा मात्र फछ्र्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ

पदाधिकारी सुविधा

18. **पदाधिकारी पारिश्रमिक** - लुम्बिनि प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन,

Scanned with CamScanner

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

२०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारवाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जस अनुसार लुम्विनि प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रु.८७४०००/ खर्च लेखेको देखिन्छ ।

विवरण	अध्यक्ष	उपाध्यक्ष	वडा अध्यक्ष ७ जना	कार्यपालिका सदस्य ६ जना	सभा सदस्य २४ जना	जम्मा
२०७६ श्रावण र भाद्र	६००००	५४०००	२८००००	१४४०००	३३६०००	८७४०००

19. **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार लुम्विनि प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.७४६८०००।०० सुविधा वापत भुक्तानी भएको छ ।

सि. नं	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाअध्यक्ष ७ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य २४ जना	जम्मा
१	बैठक भत्ता	२९०००	२९०००	२०३०००	१७४०००	९६०००	५३१०००
२	यातायात खर्च	-	१२००००	७०००००	३६००००	७२००००	१९०००००
३	टेलिफोन,मोबाइल	३५०००	३००००	२१००००	१८००००	६०००००	१०५५०००
४	पुस्तक,पत्रीका,ईन्टरनेट	४००००	४००००	२१००००	१८००००	४८००००	९५००००
५	समन्वय तथा सहजीकरण	१०००००	८००००	४२००००	३०००००	१२०००००	२१०००००
६	अतिथि सत्कार	६००००	५००००	२८००००	००	००	३९००००
७	खानेपानी/बिजुली/सरसफाई	५००००	५००००	००	००	००	१०००००
८	चाडपर्व खर्च	१५०००	१५०००	८४०००	६००००	१६८०००	३४२०००
	मर्मत	५००००	५००००	००	००	००	१०००००
	जम्मा	३७९०००	४६४०००	२१०७०००	१२५४०००	३२६४०००	७४६८०००

अनुदान फिर्ता, वितरण र उपयोग

20. **अनुदान फिर्ता –** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता रु.२८६९९६०४/ आ ब ०७७/७८ को श्रावण महिनामा फिर्ता भएको देखिएकोले समयमै फिर्ता गर्नु पर्दछ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	१७८६९२०००	१५५०३५६९३	२३६५६३०७
	विषेश	६००००००	५९८८०७६	११२९४
	समपुरक	५००००००	४९४९३२१	५०६७९
	अन्य सामाजिक सुरक्षा	६६२७१०००	६३९१०४००	२३६०६००
प्रदेश सरकार	शसर्त	९००००००	८९७२६०५	२७३९५
	विषेश	८२०००००	६७४१२७२	१४५८७२८
	समपुरक	१५००००००	१५००००००	

Scanned with CamScanner

भौ.नं, मिति र ब्यहोरा						बेरुजू रकम
कोभिड विशेष कार्यक्रम	अन्य कार्यक्रम	५७४००००	४६०६०२९	११३३९७१		
	जम्मा	२९३९०३०००	२६५२०३३९६	२८६९९६०४		
	पठाएको			२८६९९६०४		

ठेक्का व्यबस्थापनः सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ । (रु.हजारमा)

कुल निर्माण खर्च	सोझै खरिद		सिलबन्दी दरभाउपत्र		बोलपत्र		तेश्रो चौमासिकमा व्यवस्था भएको	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
९१२३५९९१	६	२५०७	१९	१९६०१	१६	६९१२७	१०	३१५४४

बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३९३९७८१७/-पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ

सवारीसाधन खरिद - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पांग्र्े सवारि साधन खरिदमा रु.१९५०००/- बजेटबाट खर्च गरेको छ ।

सि.नं	सवारी साधन	संख्या	रकम
१	स्कुटर	१	१९५०००/
	जम्मा	१	१९५०००/

कर दस्तुर एवं आन्तरिक आय

आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४००००००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.१९६७७९१/- अर्थात अनुमान भन्दा ४९.१९ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

गिट्टी, ढुंगा, बालुवाको करः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा१(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको मा उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको

Scanned with CamScanner

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	बाँडफाँडमा अस्पष्टता देखिएको छ। यस्तो अवस्थामा संघीय कानून अनुसार नै गर्नु पर्दछ। त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी व्यवस्था गरी गिट्टि, ढुंङ्गा,वालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।	

26. **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	३५००००	९५०००	२७.१४

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अंद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

आयकर एवं मू.अ.कर

27. **मूल्य अभिवृद्धि कर कट्टी** - मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६(ग) अनुसार ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५०% सम्बन्धित राजश्व शिर्षकमा र वाकि ५०% सम्वन्धित फर्मलाई भुक्तानी दिनु पर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५०% रकम रु.१३८०५/-कट्टि नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. — बेरुजू रकम: १३८०५

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	मुअकर कर रकम	५० प्रतिशत रकम
११५-०७७/३/१४	स्काइ लाइन प्याराग्लायडिङ प्रा.लि	२४००००	२७६१०	१३८०५

उपभोक्ता समिति मार्फत कार्य

28. **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

29. **लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

30. **हेभी इक्विपमेण्टको प्रयोग** -सार्वजनिक खरिद नियमावली,२०६४को नियम९७(९) मा उपभोक्ता समिती वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा रोलर, एक्साभेटर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रिव्यूटर, विटुमिन व्याइलर जस्ता हेभि मेशिन प्रयोग गर्न नपाईने, तर लागत अनुमान तयार गर्दको समयमा हेभी

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

मेशिन पर्योग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको र सम्वन्धित प्राविधिको सीफारिसमा सार्वजनिक निकायबाट सहभती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था छ । गाउपालिका द्वारा उपभोक्ता समिति मार्फत सडक. निर्माण तथा मर्मत सुधार सम्बन्धि काममा तपसिल अनुसार देखिन आएको छ ।

(क) लेखापरीक्षणका समयमा पेश भएका ड्राइङ,डिजाइन, लागत अनुमान तथा सम्झौतामा हेभि मेशिन पर्योग गर्नु पर्ने जटिल प्रकृतिको कार्य हो भनि खुल्ने आधार/प्रमाण नपाइनुका साथै सम्बन्धित प्राविधिक बाट त्यस सम्बन्धि सीफारिश भएको देखिएन ।

(ख) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ ले उपभोक्ता समिति वा लाभग्रही समुदायलाई कार्य गराउनको लागी पुर्वशर्तको रुपमा राखेको दिगोपनाको अभिवृद्धिल विकास कार्यक्रमको बातावरण संगको अन्तरसम्बन्ध तथा निर्मित संरचनाको स्थायित्वलाई समावेश गर्ने सैद्धान्तिक परिवेशमा उपरोक्त अनुसार भारी उपकरण प्रयोगको अनुपाल बढ्दै जादा समग्र प्रकृतिक वातावरण क्षति हुने जोखिम देखिन आउछ । अर्को तर्फ सोहि दफाले परिकल्पना गरेको रोजगारी श्रृजना सम्बन्धि अवधारणा पनि संकट परेको देखियो ।

(ग) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकने छैन भनि स्पष्ट उल्लेख छ । त्यस्तै नियम ९७ (१३क) मा उपभोक्ता समिति वा लाभग्रही समुदायले प्रास गरेको कुनै कममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै कामगर्न नदिने अभलेख राखी सो काम गर्ने निर्माण व्यावसायिलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारीस गर्नु पर्ने स्पष्ट व्यवस्था छ । पालिकामा उपभोक्ता समितिले भुक्तानी लिने प्रयोजनको लागि पेश गरेको विल भर्पाइ तथा निर्णय अनुसार अधिकांश सडकहरु हेभि मेशिन पर्योग गर्ने कार्य लागन अनुमान तयार गरेको र उपभोक्ता समितिले निर्माण व्यावासयी मार्फत काम गराएको देखियो ।उपभोक्ता समितिले स्थानीय श्रोत साधन र श्रम उपयोग नगरी निर्माण व्यावसयीबाट काम गराउदा परोक्ष्य रुपमा ठेक्कापट्टा भएको स्थिति छ । यसमा नियन्त्रण हुनुपर्छ ।उपभोक्ता समितिले निर्माण कार्यको सम्झौता गरी निम्न निर्माण व्यवसायीबाट काम गराएको छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

गो.भौ.न.	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	निर्माण व्यावसायिको नाम	विजक रकम
८-०७६/१०/२४	बाजकटेरी मोटरवाटो मर्मत सुधार उ.स	४४११७७	लालुमाया निर्माण सेवा प्रा.लि	४०३३७६
९-०७६/१०/२७	पुर्कोट दह मोटरवाटो मर्मत सुधार उ.स	४५००००	प्रेक्षपन निर्माण सेवा प्रा.लि	४९२२०९
१५-०७६/१२/२	अग्लुङ्ग मोटरवाटो मर्मत सुधार उ.स	३८७८५९	जुपाल निर्माण सेवा प्रा.लि	११३०००
१६-०७६/११/२	पोखरा चौर खपटे मो.वाटि नि.उ.स	१९६०७८	लालुमाया निर्माण सेवा प्रा.लि	२१७४८८
२०-०७७/१/१७	परवन चौर रवपटे मो.बाटो नि.उ.स	२९४११७	गौमुखि विल्डर्स प्रा.लि	३२७९८४
३५-०७७/२/२८	घुर्कोट मदाने संयुक्त योजना मो.वा.उ.स	४९०१९६	लालुमाया निर्माण सेवा प्रा.लि	५४५७५३
४०-०७७/२/२८	ओख्ले मर्जिशति पोखरी मो.वा.उ.स	३४३१३७	रंजित रञ्जन कन्स्ट्रक्सन	३८१९३९
४४-०७७/२/३२	मलगिरी मो.वा मर्मत सुधार उ.स	३९२१५७	श्रेष्ठ कन्ट्रक्सन सेवा	४३६७५०
६२-०७७/३/४	थोत्रे विसौना डाडावारी मो.वा.उ.स	३९२१५७	रंजित रञ्जन कन्स्ट्रक्सन	४३५६३३
६४-०७७/३/४	कमेरपानी मलागिरी मो.वा.उ.स	७८३४७०	रंजित रञ्जन कन्स्ट्रक्सन	९०५२६२
९३-०७७/३/२२	कुखुरा काट्ने ढुवा फलामे मो.वा.उ.स	३४२९०९	रंजित रञ्जन कन्स्ट्रक्सन	३३२४१६
१०३-०७७/३/२२	कोलकाटा मालिकाथान मो.वा.उ.स	२९४११७	लालुमाया निर्माण सेवा प्रा.लि	३२६८०५

Scanned with CamScanner

दफा	भौ.नं, मिति र ब्यहोरा					बेरुजू रकम
	१०७-०७७/३/२२	तिनकुने उर्लेनि मो.वा.उ.स	२८३५४९	रंजित रञ्जन कन्स्ट्रक्सन	३२२५८२	
	१४९-०७७/३/२७	स्याल पोखरी मो.वा मर्मत सुधार उ.स.	२६२७४४	लालुमाया निर्माण सेवा	२७७९६३	
	१६०-०७७/३/२६	दर्शन दुर्गा दुईखोली पटाल कटेरी सडक नि.उ.स	४३५०१३	रंजित रञ्जन कन्स्ट्रक्सन	४८३४१६	
	१६९-०७७/३/२८	भनभने मो.वा. मर्मत सुधार उ.स	४४११७६	रंजित रञ्जन कन्स्ट्रक्सन	४९०२५०	
	१७७-०७७/३/२५	टिमुरे मालागिरी सडक नि.उ.स	७२२८८५	रंजित रञ्जन कन्स्ट्रक्सन	४६९८४४	
	१८४-०७७/३/२५	पुरन खडान्ने मो.वा.नि.उ.स	४१०९५८	रंजित रञ्जन कन्स्ट्रक्सन	४६७६१६	
	२०४-०७७/३/२९	जनक प्रा.वि पाहले मो.वा.नि.उ.स	२७६४०२	आर जि.पि निर्मा० सेवा	२५०२२४	
	२०७-०७७/३/२९	राम सिता चरिङे मो.वा.नि.उ.स	४७१५६२	प्रक्षेपन नि.सेवा प्रा.लि	४०९४६६	
	४११-०७७/३/२९	सैरे निपाने छहरा सडक नि.उ.स	४५३९७२	जुपाल नि. सेवा	५८७६००	
		जम्मा	८५६५६३५		८६७७९७६	

31. **विमा सम्बन्धमा :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएको वाहेक १० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च समेतको विमा गराउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न निर्माण कार्यको वोलपत्र प्रक्रियाबाट निर्माण व्यावसायिहरुसँग ठेक्का सम्झौता भएको र उक्त ठेक्का सम्झौतामा विमाको आइटम समेत व्यवस्था भएको छ । तर अधिकांश निर्माण व्यावसायिहरुबाट विमा गरेको देखिएन ।

निर्माण व्यावसायीको नाम	कामको विवरण	सम्झौता मिति	सम्झौता रकम	विमा रकम
शिशिर निर्माण सेवा	सोइटे भोटमारे अग्लुड फेदि सडक सुधार योजना	०७६/१०/४	११२२२०२२	२००००
सुजाता कन्स्ट्रक्सन	पिपलारुख दुइखोलि काउले फुर्कोट दह सडक सुधार योजना	०७६/११/२०	३३२४६८८	२००००
तारालक्ष्मी निर्माण सेवा	एकिकृत वस्ति विकास वडा नं. ३	०७६/११/१९	४८९८९६०	
जेनिस एण्ड आयुस कन्स्ट्रकसन	काफलेनी सेताभिर सोमा पूर्कोटदह सडक सुधार योजना	०७६/८/१९	३९९७७४१	२००००
न्यू लिजा निर्माण सेवा	रोल्मा लिस्ने वार्ड अफिस झाक्रिका चौर पाटन खोला सडक ग्राभलिडकार्य	०७६/९/७	८३२७६२६	२००००
सुनौला कन्स्ट्रकसन एण्ड विल्डर्स प्रा.लि	म्यालपोखरी लेखपढेरा पद्मपोखरी सडक निर्माण	०७६/१२/२६	४४६९०१६	२००००
सुनौला कन्स्ट्रकसन एण्ड विल्डर्स प्रा.लि	म्यालपोखरी लेखपढेरा पद्मपोखरी सडक निर्माण	२०७७/२/२९	५२७८११७	२००००
अर्जुन रञ्जित रन्जन जे.भि	काफलेनी सेतामिर सीमा पूर्कोटदह सडक नि.	०७७/३/७	३८७८५८८	२००००
सुजाता कन्स्ट्रक्सन प्रा.लि	पिपलारुख दुइखोलि उले पुर्कोटदह सडक निर्माण	०७७/३/३	३६५८६३६	२००००

32. **बचत रकमबाट वोलपत्रः** पालिकाले तपसिल बमवजिमका योजनाहरुको विनियोजित बजेट अनुसार लागत अनुमान तयार गरी वोलपत्र प्रक्रियाबाट प्रतिस्पर्धात्मक मूल्यमा ठेक्का सम्झौता भएको र प्रथम पटकको प्रतिस्पर्धा मूल्य बाट वचत रहेको रकमबाट तेस्रो चौमासिकमा त्यसै योजनाको लागी वोलपत्र प्रकृयाबाट ठेक्का पट्टा हुदा तीन वटै योजनामा १/१ वटा वोलपत्रमात्र दर्ता भै प्रतिस्पर्धा वेगर वोलपत्रदाताको वोलपत्र मूल्याङ्कन समितिको सिफारीसमा वोलपत्र स्विकृत भै आर्थिक वर्षको अन्त्यमा ठेक्का सम्झौता भई कार्य सम्पन्न भएको छ । उक्त निर्माण कार्य लागत अनुमानको हाराहारीमा ठेक्का सम्झौता भई कार्य भए्कव देखिन्छ । अतः पालिकाले समयमा प्रतिस्पर्धा सिमित नहुने गरि प्रथम चौमासिकमा ठेक्का सम्झौता गरी कार्य गर्ने गराउने तर्फ ध्यान दिनुपर्छ ।

योजनाको नाम	निर्माण व्यावसायी	ल.इ	सम्झौता रकम	ल.इको तुलनामा प्रतिशत	निर्माण व्यवासयी	ल.इ	सम्झौता रकम	ल.इ.को तुलनामा
पिपलरुख दुइखोली काउले पूर्कोटदह सडक	सुजाता कन्ट्रक्सन कम्पनी प्रा.लि	७०३४२४१	३३२४६८८	५२.६३x	सुजाता कन्स्ट्रक्सन कम्पनी प्रा.लि	३६८६४६१	३६५८६२६	०.७५x
काफलेनि सेताभिर सीमा पूर्कोटदह सडक	जेनिस एण्ड आयुस कन्स्ट्रक्सन	७९२३०१५	३९९७७४१	४९.५४x	अर्जुन रंजित रञ्जन जे.भि	३९२५८७६	३८७८५८८	१.२०

दफा	भौ.नं, मिति र ब्यहोरा	वेरुजू रकम

म्याल पोखरी पठेरा पद्मपोखरी सडक	सूनौलो कन्स्ट्रक्सन एण्ड विल्डर्स प्रा.लि	९७८११४९	४४६९०१६	५४.३१x	सुनौलो कन्स्ट्रक्सन एण्ड विल्डर्स प्रा.लि	५३१४७६२	५२७८११७	०.६८x

33. **सम्झौता भन्दा बढी भुक्तानी :-** निर्माण व्यवसायी लक्की कन्स्ट्रक्सन निर्माण सेवा संग सौचालय निर्माण गर्न मिति २०७६/६/२ मा रु.३४४१६५/- को सम्झौता भएकोमा सौचालय निर्माणको ठेक्का विल अनुसार सम्झौता भन्दा १२.९४ प्रतिशतले बढी हुने गरी रु.३८८७०४/- भुक्तानी गरिएको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ अनुसार भेरिएसन आदेश वेगर सम्झौता भन्दा बढी भुक्तानी दिएको रकम असूल हुनुपर्दछ रु. ४४५३९

34. **जनश्रमदान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. २६५९२

गोभौनं./मिति	उपभोक्ता समिति र काम	सम्झौता रकम	पालिका ले व्यहोर्ने रकम	कार्य सम्पन्न रकम	पालिका ले व्यहोरेको रकम	बनुपातिकले व्यहोर्नुपर्नेर कम	बसुल गर्नु पर्ने रकम
५१-०७७/३/२	खानेपानी टयाङ्की वितरण योजना उ.स	४३३१३७	३४३९३७	४१५३९२	३४३१३७	३२४२६३	१८८७४
९४-०७७/३/२२	एकघर एक टंकि वितरण योजना उ.स	३२५२८१	२९४११७	२६१७९७	२४३६९८	२३६६२४	७०७४
९८-०७७/३/२	एकघर एक टंकि खा.पा वडा नं.२	२२८७२८	१९६०७८	२२७९७६	१९६०७८	१९५४३४	६४४
				जम्मा	७८२९१३	७५६३२१	२६५९२

35. **उपभोक्ता समितिलाई ढुवानीमा मू. अ. कर -** सार्वजनिक खरिद नियमावली २०६४ को ९७(४) वमोजिम उपभोक्ता समिति लाई भुक्तानी गर्दा भूल्य अभिवृद्धि कर,ओभरहेड, कन्टिजेन्सि तथा जन सहभागिताको रकम घटाइ वाकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपशिल बमोजिमको उपभोक्ता समितिले गरेको सडक निर्माण तथा मोटर बाटो मर्मत सुधार कार्यमा लागत अनुमान तयार गर्दा मूल्य अभिवृद्धि कर समावेश गरी सोहि अनुसारको रकममा उपभोक्ता समित संग सम्झौता गरी काम गराएको र प्राविधिक मूल्याङ्कन अनुसार सम्पन्न कार्यको रकमबाट जनसहभागिता र मूल्य अभिवृद्धि कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा जनसहभागिताको मात्र कट्टा गरी भुक्तानी गरिएकोले उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर भुक्तानी भएको अवस्था देखिन्छ। अतः उपभोक्ता समितिलाई भुक्तानी भएको मूल्य अभिवृद्धि कर रकम असुल हुनपर्छ रु. ११७५८२६

गो.भौ.नं मिति	उपभोक्ता समितिको नाम	सम्पन्न रकम	खर्च रकम	मु.अ.कर रकम
८-०७६/१०/२४	वाझकटेरी मोटरवाटो मर्मत सुधार उ.स	४९२२५९	४४११७७	६३९९४
९-०७६/१०/२७	पूर्कोटदह मोटरबाटो मर्मत सुधार उ.स	४९२६०९	४५००००	६४०३९
१५-०७६/१२/२	अग्लुङ मो. वाटो मर्मत सुधार उ.स	४३३९५८	३८७८५९	५६४१५
१६-०७६/१२/२	पोखरा चौर कुलाथान मो.वा.उ.स	२१७४८८	१९६०७८	२८२७३
२०-०७७/१/१७	पखर चौर खपटे मो.वा.उ.स	३२७९८४	२९४११७	४२६३८
४०-०७७/२/२/	ओख्ले मर्जि शान्तिपोखरी मो.वा.उ.स	३८१९३९	३४३१३७	४९६५२
४४-०७७/२/३२	मलागिरी मोटरबाटो मर्मत सुधार उ.स	४३६८६९	३९२१५७	५६७९३
६२-०७७/३/४	थोत्रे सिसौना डाडावारी मो.वा.उ.स	४३५६३३	३९२१५७	५६६३२
६४-०७७/३/४	कमेर पानी मालागिरी मो.वा.उ.स	९०५२६२	७८३४७०	११७६८४
९३-०७७/३/२२	कुखुरा काटव्ने धुवा फलाटे मो.वा.उ.स	३८२३४१	३४२९०९	४९७०४
१०३-०७७/३/२२	कालकोट मालिका थान मो.वा.उ.स	३२६८०५	२९४११७	४२४८५
१०७-०७७/३/२२	तिनकुने उर्लेनि मो.वा.उ.स	३२२५८२	२८३५४९	४१९३६

Scanned with CamScanner

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

१४९-०७७/३/२७	म्याल पोखरी मो.वा.सुधार उ.स	३००१८४	२६२७४४	३९०२४
१६०-०७७/३/२६	दर्शन ढुंगा दुइ खोली पराल कटेरि सडक नि.उ.स	४८३४१९	४३५०१३	६२८४४
१६९-०७७/३/२८	भनभने मोटरवाटो मर्मत सुधार उ.स	४९०२५०	४४११७६	६३७३३
१७७-०७७/३/२८	टिमुरे मालागिरी सद्दक सुधार उ.स	८०३२२४	७२२८८५	१०४४१९
१८४-०७७/३/२५	पुरन खडाल्ने मो.वा.उ.स	४६७६१६	४१०९५८	६०७९०
२०७-०७७/३/२९	छाप भिम चरिङे मो.वा.उ.स	५०६७२५	४७१५९२	६५८७५
४११-०७७/३/२९	सैंरे निपाने छहरा सडक	५०८८१२	४५३९७२	६६१४६
२०४-०७७/३/२९	जनक प्रा.वि.पाहाले मो.वा.	३२८८४६	२७६४०२	४२७५०
	जम्मा	९०४४८०५		११७५८२६

सशर्त कार्यक्रमतर्फ

36. **शिक्षक दरवन्दी र पदपूर्ति** - शिक्षा नियमावली २०५९, परिच्छेद १५, दफा ७७(१) अनुसार पहाडी जिल्ला ४५ विद्यार्थि १ शिक्षक हुने व्यवस्था गरेको छ । यस गा.पा को ५१ वटा विद्यार्थिहरु मध्ये निम्नलिखित विद्यालयमा शिक्षक संख्याको अनुपातमा विद्यार्थी संख्या ज्यादै न्युन रहेकोले ती विद्यालयहरु लाई मर्ज गर्नुपर्ने अवस्था देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	जनसेवा आधारभुत वि.	५	५	४	७४
२	सिर्सेनि आधारभुत वि.	५	५		५२
३	बाँझकटेटी आ.वि	३	३		६३
४	वालबोध आ.वि	२	२		३०
५	अरनिको आ.वि	२	२		४०
६	सरस्वति आ.वि	२	२		५१
७	बालकल्याण आ.वि	२	२		३८
८	मुलपानी आ.वि	२	२	२	४३
९	शिद्ध पोखरी आ.वि	१	१	१	३१
१०	लालिगुरास आ.वि	१	१	१	१४
११	तिनधारे आ.वि	१	१		१६
१२	नमुना आ.वि	१	१		३८
१३	सिद्धर्थ आ.वि	३	३		४८
१४	मधाने बालकल्याण आ.वि	२	२	२	३५
१५	भगवति बा.वि.क				१८
१६	शिद्ध मालिका वा.वि.के				९
१७	वाल सुन्दर वा.वि.के				१६
१८	पालत कटेरी वा.वि.के				१३
१९	वैङ्कमाटे वा.वि.के				११
२०	गायत्रि वा.वि.के				९

37. **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छैन, साथै श्रमिकको संख्या पनि

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २०८ जनालाई रोजगारी उपलव्ध गराई रु.३२२१७५५/-खर्च गरेको छ । लक्षित वर्गलाई २७ दिनदेखि ३० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
	समानीकरण पूँजिगततर्फ	

38. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२)बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटै व्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी खरिद गर्न नहुने व्यवस्था छ। पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु बाट वस्तु तथा सेवा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुनेगरी रु.५०००००/- सम्मको लागत अनुमान तयार गरी सोझै रु.६३४९२९८/- खरीद गरेको यस प्रकार प्रतिस्पर्धा सिमित हुने गरी कार्य गर्न निरुत्साहित गर्नु पर्दछ ।

गो.भौ.नं. मिति	निर्माण व्यावसायीको नाम	खर्च रकम
५-०७६/१०/२१	कार्कि निर्माण सेवा	४८७४३७
६-०७६/१०/२१	पुष्पाञ्जलि निर्माण सेवा	४८८९०१
७-०७६/१०/२४	सिद्ध मालिका निर्माण सेवा	४८९३०३
१२-०७६/१०/२७	यूनिक कन्स्ट्रकसन	४८८२३९
१३-०७७/१०/२७	देउराली निर्माण सेवा	४९०६३३
१७-०७६/१२/६	न्यू मालिका निर्माण सेवा	४८९१३७
११७-०७७/३/१२	तारा लक्ष्मी निर्माण सेवा	४७५१६१
१३९-०७७/३/२६	यात्रा कन्स्ट्रकसन एण्ड सप्लायर्स प्रा.लि	४८७७१२
१४१-०७७/३/२६	रंजित रञ्जन कन्स्ट्रक्सन प्रा.लि	४८७९२४
२१६-०७७/३/२९	हाइटेक कन्स्ट्रक्सन एण्ड सप्लायर्स	४८८७९२
२१७-०७७/३/२९	मालारानी कन्स्ट्रक्सन एण्ड सप्लायर्स	४८७९२५
२१८-०७७/३/२९	टि.टि आर अधिकारी कन्स्ट्रक्सन प्रा.लि	४८८९२६
२३५-०७७/३/३१	डि कन्स्ट्रकसन प्रा.लि	४९९२०५
	जम्मा	६३४९२९८

39. **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु.१०५३२१०/-कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राखे गरेको छैन ।

40. **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी

Scanned with CamScanner

दफा	भौ.नं, मिति र ब्यहोरा	वेरुजू रकम
	व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्इङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।	
41.	**सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रवद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।	
42.	**डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । रु.हजारमा कार्य विवरण / परामर्शदाता / स्वीकृत रकम / खर्च रकम: मुलखोला लिफ्ट खा.पा / Eagles solutation pvt.ltd / ५०० / ४९८ नमुना एकिकृत बस्ती योजना / Barbara consultancy pvt.ltd / १५०० / १४९४ यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।	
43.	**प्रशासनिक खर्चको आधार** :- कार्यालयले प्रशासनिक कार्यको लागि बजेट विनियोजन गर्दा कार्यालयले गर्ने विभिन्न कार्य र सो कार्य गर्न खरिद गर्नु पर्ने सामान,सेवा वा महसूलको आधारमा कार्यालयको जनशक्ति,मातहतका वडा आदिलाई आधार लिनु पर्दछ ।कार्यालले प्रशासनिक खर्चमा रकम विनियोजन गर्दा लिएको आधार स्पष्ट भएन । प्रशासनि कार्यको लागि रकम विनियोजन गर्दा निश्चित आधारमा विनयोजन गरी न्यून प्रशासनिक खर्चमा अधिक उपलब्धि हुसल गर्नु पर्दछ ।	
44.	**प्रशासनिक खर्च सम्बन्धमा**:- कार्यालयको प्रशासनिक खर्च तर्फ चालू तथा पूँजीगत बजेटबाट कार्यालय संचालन, मेशिनरी औजार,फर्निचरमा पूर्वाधार विकास कार्यक्रम लगायतमा समेत प्रशासनिक प्रयोजनका लागि बजेट स्वीकृत भएको छ।त्यस्तै नेपाल सरकारको शशर्त बजेट तथा प्रदेश सरकारको मुख्यमन्त्री रोजगार कार्यक्रम लगायतमा समेत प्रशासनिक कार्यका लागि रकम विनियोजन भएको छ।यस अतिरिक्त कार्यलयले निर्माण कार्यको कन्टेनजेन्सीबाट समेत प्रशासनिक कार्यमा खर्च गर्ने गरेको छ ।विभिन्न शिर्षकबाट गरिएका प्रशासनिक खर्चको एकिकृत विवरण नराखिएकोले प्रशासनिक खर्चको विश्लेषण गर्न सकिएन। धेरै शिर्षकबाट प्रशासनिक खर्च गर्ने तर एकिकृत विवरण तयार नगर्दा कार्यालय संचालन लगायतम अनावश्यक खर्च हुन सक्ने,मितव्ययिता नहुने जस्ता जोखिम रहन सक्ने भएकोले आन्तरिक नियन्त्रण तथा पारदर्शिताको लागि सबैशिर्षबाट भएको प्रशासनिक खर्चको एकिकृत विवरण तयार गर्नु पर्दछ ।	
45.	**खरिद व्यवस्थापन** :- सार्वजनिक खरिद नियामवली,२०६४ को नियम ३ बमोजिम सार्वजनिक निकायले कुनै खरिद कार्वाही तयार गर्दा खरिद आवश्यकताको पहिचान माग संकलन गर्ने,खरिद सम्बन्धी विभिन्न प्राविधिक कुरा समाधान गर्न र आपूर्तिकर्ताको उपलब्धता यकिन गर्न बजारमा प्रचलित खरिद संम्झौताको जानकारी लिने,अघिल्ला वर्षहरुमा समान प्रकृतिको मालसमान,निर्माण कार्य वा परामर्श सेवा अन्य सेवा खरिद गरिएको भए त्यस्तो खरिद प्रक्रियाको अध्ययन गर्ने,खरिद विवरण तयार, परिमाण र क्षेत्र यकिन गर्ने,खरिदलाई बढी सुविधाजनक समुह विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने, खरिद योजना तयार गर्ने,खरिदको लागत अनुमान तयार गर्ने,खरिदको आर्थिक स्रोत र रकम पहिचान गर्ने,खरिद विधि छनौट गर्ने व्यवस्था छ । यस	

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम
मुलखोला लिफ्ट खा.पा	Eagles solutation pvt.ltd	५००	४९८
नमुना एकिकृत बस्ती योजना	Barbara consultancy pvt.ltd	१५००	१४९४

Scanned with CamScanner

दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम

सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन ।

45.1. कार्यालयको दैनिक प्रशासन संचभालनको लागि चालु तथा पूँजिगत खर्च शिर्षकबाट मसलन्द,छपाई,विविध प्रकारका सामाग्री खरिदको लागि कार्यालय संचालनमा, मेशिनरी औजारमा,फर्निचरमा खर्च गरेको संघिय तथा प्रदेश सरकारको शसर्त बजेट बाट समेत विभिन्न सामान खरिद गरिएको छ। कार्यालयले सामान खरिदको लागि माग संकलन,लागत अनुमान तयारी,,सामानको प्रकृति अनुसार समुह विभाजन र प्रत्येक समूहको रकम परिमाण अनुसार खरिद विधि छनौट गरी खरिद गरेको पाईएन ।कार्यालयमा प्रयोग हुने कतिपय सामान कार्यालयबाट खरिद गरेको भए पनि विषयत शाखाबाट खरिद गरी कर्मचारीले सोधभर्ना माग गरेको तथा कतिपय सामान पेश्कीबाट खरिद गरेको देखियो।त्यस्तै शिक्षा,कृषि,पशु,,सामाजिक विकासको लागि छुट्याईएको अधिकाशं बजेट संम्बन्धित शाखाका कर्मचारीले पेश्कीबाट खरिद गरेकोमा खरिद गरिएको रकम सम्बन्धित सप्लायर्स तथा सेवा उपलब्ध गराउनेलाइ दिएको भरपाइ वा बैंक ट्रान्सफर गरेको समेत देखिएन ।

45.2. सामान प्रयोग गर्ने वा सेवाग्राहीलाई सामान वितरण गर्ने जिम्मा पाएको व्यक्तिले आफैं कार्यक्रम तयार गर्ने,आफै पेश्की लिने वा माल सामान पेश्किबाट खरिद गरी सोधभर्ना लिई आफै वितरण गर्दा आन्तरिक नियन्त्रणको अभावमा बजार मूल्य भन्दा बढीमा बस्तु वा सेवा प्राप्त हुन सक्ने भएकोले बस्तु वा सेवा खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको प्रावधान अनुसार सोझै,दरभाउपत्र, सिलबन्दी दरभाउपत्र,बोलपत्र लगायतका उपयुक्त खरिद विधि छनौट गर्ने,बिक्रेतालाई सोझै भुक्तानी गर्ने लयागतका प्रक्रिया अवलम्वन गरी खरिद प्रणालीलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

45.3. सार्वजनिक खरिद नियमावली,२०६४ मा ५ लाख सम्मको मालसमान खरिद ३ आपूर्तिकर्ताबाट दरभाउपत्र लिई सबै भन्दा घटी रकम प्रस्ताव पेश गर्ने आपूर्तिकर्ताबाट खरिद गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले दरभाउपत्रबाट खरिद गरेका सामानको भुक्तानी दिएको भौचर साथ ३ दरभाउपत्र संलग्न गरेको भएपनि दरभाउपत्रको फोटोकपि संलग्न गरेको, तुलनात्मक तालिका बनाई स्वीकृत गराउने नगरेको,आपुर्तिकर्तालाई पत्राचार गरी दरभाउपत्र माग नगरेको, दरभाउपत्र बाट मालसामान खरिद गर्दा मौजुदा सूचीमा रहेका आपूर्तिकर्तालाई लिखित पत्राचार गरी सक्कल प्रति दरभाउ लिने प्राप्त दरभाउपत्र दर्ता गर्ने,तुलनात्मक तालिका तयार गर्ने लगायतका कार्य गरी खरिद प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ ।

46. **कार्यक्रमको अनुगमन**:- सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेको छ । तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

गो.भौ.नं.र.मिति	रकम	विवरण	अनुदान पाउने
१०।०७७।३।२९ प्रदेश पूँजिगत	७७३२८५	बाखा पालन समूह	च्यानडांडा बाखा पालन समूह मदाने वडा नं १
११।०७७।३।२९ प्रदेश पूँजिगत	८१६१३३	बाखा पालन समूह	चोखिमपाटा बाखा पालन समूह मदाने वडा नं १
१८।०७७।३।२९ प्रदेश पूँजिगत	७७६३३४	बाखा पालन समूह	देउराली बाखा पालन समूह मदाने वडा नं ६
१९।०७७।३।२९ प्रदेश पूँजिगत	७७८७३४	बाखा पालन समूह	कंके बाखा पालन समूह मदाने वडा नं ६
२०।०७७।३।३१ प्रदेश पूँजिगत	४२८८००	बाखा पालन समूह	मलागिरी बाखा पालन समूह मदाने वडा नं ५
१८।०७७।३।२५ संघिय पूँजिगत	१५७३३३	कागति प्रवर्द्धन	अमरद्धिप बहु कृषि सहकारी संस्थालाइ
२०।०७७।३।२५ संघिय पूँजिगत	११७९९९	कागति प्रवर्द्धन	अमरद्धिप बहु कृषि सहकारी संस्थालाइ
२७।०७७।३।२६ संघिय पूँजिगत	१५७३३३	कागति प्रवर्द्धन	आरोही कृषि तथा पशुपन्छि फार्म
२८।०७७।३।२६ संघिय पूँजिगत	११७९९९	कागति प्रवर्द्धन	जलजला देविस्थान तरकारी उत्पादक कृषक समूह

Scanned with CamScanner

	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	३१।०७७।३।२६ संघिय पूँजिगत · ११७१७९ कागति प्रवर्द्धन कागति खेति कार्यक्रम उ स मदाने ६ कृषि तथा पशु सेवा तर्फका कार्यक्रमहरु निश्चित प्रतिशत अनुदानमा संचालन हुने हुँदा कृषकसँग प्रस्ताव माग गरी कार्यालय र कृषकले व्यहोर्ने अनुदानको सम्बन्धमा स्पष्ट गरी कार्यक्रम संचालन गर्ने,कृषकले दिएको अनुदान रकमबाट उद्देश्य अनुरुपको कार्य भए नभएको सम्बन्धमामा अनुगमन गरी अनुदानलाई प्रतिफलमुखि बनाउनु पर्दछ	
7.	**कार्यक्रमबाट खाजा लगायतको भुक्तानी** पालिकाबाट सञ्चालित हुने योजना तथा कार्यक्रमहरुको बजेटबाट तोकिएका कार्यक्रममा मात्र खर्च गर्न पाउनेमा देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुमा उपभोक्ताहरुले खाजा खाना लगायतका बिल भरपाइ पेश गरेको आधारमा पालिकाले भुक्तानी दिएकोले त्यस्तो साधारण प्रकारको खर्च भुक्तानी दिन मिल्ने नदेखिएको रु.	३३००

गो भौ नं	रकम	खाजा समेत भुक्तानी	ब उ शि नं	उपभोक्ता समितिको नाम र काम
१९।००७७।३।२९	७७८७३४	३३००	प्रदेश सरकारबाट पूँजिगत	कंके बाख्रापालन मदाने ६

18. **सामुदायिक विकासका लागि बाखा उद्यम परियोजना** : पालिकाले गैह सहकारी संघ संस्था तथा निजि क्षेत्र विचको सहकार्यमा गरिवी निवारण दिर्घकालिन परियोजना संचालन गर्ने उदेश्यले कृषि तथा पशु वस्तुहरुको उत्पादन बृद्धि गरी रोजनागरी मूलक उद्दमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपाल संग मिति २०७६/७/१७ देखि २०७९/३/१६ सम्म परियोजना संचालन गर्ने कुल सम्झौता रकम रु.४००३९३११/- मध्ये ७५%ले रु.३००२०९९३/- पालिकाले व्यहोर्ने र बाँकी २५% रु.१००१८३१८/-संस्थाले व्यहोर्ने गरी सम्झौता भए अनुसार मिति २०७६।११।२७ मा रु २७६३५१७।०० मिति २०७६।११।२१ को गाउँसभाको निर्णयानुसार पेश्की दिइ गो भौ नं १३।०७७।३।३१ बाट सो पेश्की फछ्र्यौट भइ खर्च लेखांकन गरेको छ । पेश्की दिदा पेश्की जमानत पेश नगरी दिएको एंवम यस आ ब २०७६।०७७ मा रु ८००००००।०० बजेट व्यवस्था भएकोमा यस वर्ष बिनियोजित बजेट भन्दा रु ३०५४०६७।०० वढी रु ११०५४०६७।०० भुक्तानी दिनेगरी सम्झौता भएकोले विनियोजन बजेट भन्दा बढी रकम दिने गरि सम्झौता गर्नु नियम सम्मत देखिएन। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार देखियो ।

(क) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सवलीकरण मूल प्रवाहिकरण जस्ता कार्य गैर सरकारी संसथाबाट गराउदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रकृया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनेको लागी त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि,कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटि अनुमान तयार गर्नुपर्ने उल्लेख छ । अतः पालिकाले सामुदायिक विकासक लागी बाखा उद्यम परियोजना जस्ता कार्यक्रम संचालन गर्न गैर सरकारी संस्था मार्फत संचालन गर्न ऐन नियममा व्यवस्था भएको देखिएन । साथै पालिकाको उक्त परियोजना संचालनका लागि कामको आवश्यकता, किसिम समयावधि कामको गुणस्तर,जनशक्ति,कार्य संचालन विभि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गरेको समेत देखिएन ।

(ख) सम्झौताको बुदा नं.७,२ मा परियोजना कार्यान्वयनका लागी परियोजना प्रस्तावनामा उल्लेख गरिएका स्थानीय साझेदारी संस्थासंग हेफर प्रोजेक्ट नेपालले छुट्टै सम्झौता गर्ने उल्लेख भएकोमा मिति २०७६।५।१६ गते राष्ट्रिय दैनिक लुम्बिनीमा प्रस्ताव आव्हानको सूचनामा प्रस्तावदाताले स्थानिय साझेदारी संस्था मार्फत काम गराउन सक्ने उल्लेख नभएको साथै मदाने गाउँपालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ को दफा नं १३ (ड) मा कार्यक्रमको कार्यान्वयन साझेदार वा तेश्रो पक्ष छनौट कसले गर्ने हो सोको निर्णय गर्ने अधिकार कार्यविधिको दफा १२ मा गठित व्यवस्थापन तथा

क्र.सं	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	अनुगमन समितिलाइ हुने व्यवस्था रहेको छ । हेफर प्रोजेक्ट नेपालले प्रस्ताव पेश गर्दा नै कार्यक्रम सञ्चालन स्थानिय संस्थाबाट गराउने गरी प्रस्ताव पेश गरेको भएतापनि दर्ता भएको एक मात्र सो प्रस्ताव कार्यविधि अनुसार नभएको जनाइ मिति २०७६।६।१७ को मूल्यांकन समितिले अस्विकृत गरेकोमा कार्यपालिकाको मिति २०७६।७।१ को बैठकले प्रस्ताव स्वीकृत गरी सोही दिन गाउँपालिकाले सम्झौता गरेको पाइयो । यसरी संस्थाले कार्यविधि विपरित हुने गरी प्रस्ताव पेश गरेको भएतापनि गाउँकार्यपालिकाले स्वीकृत गरी सम्झौता गरेको नियमसम्मत देखिएन । पालिकाले परियोजना संचालन गर्न सरोकारवाला स्थानिय संस्थाहरु संग सिधै संचालन नगरी गैर सरकारी संस्था मार्फत संचालन गर्न सकिने प्रावधान वेगर पालिकाले ७५% र गैर सरकरी संस्थाले २५% रकम व्यहोर्ने गरी खर्च लेखेको नियम संगत देखिएन । (ग) लेखापरीक्षण गर्न योग्य चार्टड उकाउन्टेन्ट फर्मबाट गराउने उल्लेख छ । त्यस्तै वुदा नं ९ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७६ वमोजिम चौमासिक रुपमा अनुगमन मूल्याङ्कन गर्ने उल्लेख भएको छ । यस पर्कार सम्झौतामा उल्लेख भए अनुसार हेफर प्रोजेक्ट नेपालले आ.व समापन पछि चार्टड एकाउन्टेन्ट फर्मवाट लेखापरीक्षण गराई प्रतिवेदनको पर्माण र पालिकाले व्यवस्थापन तथा अनुगमन समितिबाट अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन समेत लेखापरीक्षण पेश भएको छैन । (घ) सम्झौताको वुदा नं ५ र १२ मा सम्झौता कार्यान्वयनका क्रममा सम्झौताका पक्षहरु विच कुनै विवाद उत्पन्न भएमा दुवै पक्षले आपसी छलफल गरी विवाद समाधान गर्नुपर्ने साथै कार्य क्षेत्रमा हनु सक्ने कुनै पनि वाधा, व्यवधान, विवाद आदि समाधान गर्ने प्रथम पक्षको कर्तव्य हो र प्रथम पक्षको कावु वाहिरको परिस्थिति बाहेक यस प्रकारको गतिविधिवाट दोस्रो पक्ष, स्थानीय गैर सरकरी सझेदारी संस्या, कर्मचारी तथा यी संग सम्बन्धित सरोकारबालहरु लाई कुनै हानी, नोक्सानी आदि भएका सो को सम्पर्ण खर्च, लागत क्षतिपूर्ति आदिमा जिम्मेबारी प्रमुख पक्ष हुने भनि सम्पूर्ण क्षतिको जिम्मेवारी प्रथम पक्ष पालिकालाई बनाई गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपाल क्षति तथा हानी नोक्सानीको दायित्व वाट पन्छिएको अवस्था छ । अतः यस प्रकारको वुदा संसोधन गरी हेफर प्रोजेक्ट नेपाल र पालिकाको जिम्मेवारी स्पष्ट उल्लेख हुनपर्छ ।	
49.	<u>संघिय हस्तान्तरित पूँजीगत</u> प्राविधिक धार प्रयोगशाला व्यवस्थापन यस पालिकाको वडा नं ६ मा अवस्थित पृथ्वी मा विलाइ प्राविधिक धार प्रयोगशाला वापत यस वर्ष गो भौ नं ५१।०७७।३।३१ बाट रु २६०००००।०० निकासा दिएकोमा पृथ्वी मा बि ले ओसियन ट्रेडिङ जनकपुरबाट ५३ प्रकारका ल्यावका सामानहरु रु १४३७१६७।०० र मेड्कोटेक इन्टरनेशनल प्रा ली माइतिघर काठमाडौंबाट २० प्रकारका ल्यावका सामान इन्भर्टर ल्यापटप २ थान समेत रु ९८६४३३।०० गरी कुल रु २४२३६००।०० खरिद गरेकोमा बिद्यालयले जिन्सी दाखिला गरेको प्रमाण पेश नभएकोले जिन्सी दाखिला हुनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार देखिएको छ ।	
49.1.	**अग्रिम आयकर कट्टा नभएको** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसार भुक्तानीमा अग्रिम आयकर १.५ प्रतिशत कट्टा गरी भुक्तानी दिनुपर्नेमा पृथ्वी मा बि ले ओसियन ट्रेडिङ जनकपुरबाट ५३ प्रकारका ल्यावका सामानहरु रु १४३७१६७।०० र मेड्कोटेक इन्टरनेशनल प्रा ली माइतिघर काठमाडौंबाट २० प्रकारका ल्यावका सामान इन्भर्टर ल्यापटप २ थान समेत रु ९८६४३३।०० गरी कुल रु २४२३६००।०० खरिद गरी भुक्तानी दिएकोमा अग्रिम आयकर रु ३२१७१।०० कट्टा नगरी भुक्तानी दिएकोले असुल हुनुपर्ने रु	३२१७१
49.2.	**बढी भुक्तानी** आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पृथ्वी मा बि ले ओसियन ट्रेडिङ जनकपुरबाट ५३ प्रकारका ल्यावका सामानहरु रु १४३७१६७।०० र मेड्कोटेक इन्टरनेशनल प्रा ली माइतिघर	

	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	अनुगमन समितिलाइ हुने व्यवस्था रहेको छ । हेफर प्रोजेक्ट नेपालले प्रस्ताव पेश गर्दा नै कार्यक्रम सञ्चालन स्थानिय संस्थाबाट गराउने गरी प्रस्ताब पेश गरेको भएतापनि दर्ता भएको एक मात्र सो प्रस्ताव कार्यबिधि अनुसार नभएको जनाइ मिति २०७६।६।१७ को मूल्यांकन समितिले अस्विकृत गरेकोमा कार्यपालिकाको मिति २०७६।७।१ को बैठकले प्रस्ताव स्वीकृत गरी सोही दिन गाउँपालिकाले सम्झौता गरेको पाइयो । यसरी संस्थाले कार्यबिधि बिपरित हुने गरी प्रस्ताब पेश गरेको भएतापनि गाउँकार्यपालिकाले स्वीकृत गरी सम्झौता गरेको नियमसम्मत देखिएन । पालिकाले परियोजना संचालन गर्न सरोकारवाला स्थानिय संस्थाहरु संग सिधै संचालन नगरी गैर सरकारी संस्था मार्फत संचालन गर्न सकिने प्रावधान वेगर पालिकाले ७५% र गैर सरकरी संस्थाले २५% रकम व्यहोर्ने गरी खर्च लेखेको नियम संगत देखिएन । (ग) लेखापरीक्षण गर्न योग्य चार्टड उकाउन्टेन्ट फर्मबाट गराउने उल्लेख छ । त्यस्तै वुदा नं ९ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७६ वमोजिम चौमासिक रुपमा अनुगमन मूल्याङ्कन गर्ने उल्लेख भएको छ । यस पर्कार सम्झौतामा उल्लेख भए अनुसार हेफर प्रोजेक्ट नेपालले आ.व समापन पछि चार्टड एकाउन्टेन्ट फर्मबाट लेखापरीक्षण गराई प्रतिवेदनको पर्माण र पालिकाले व्यवस्थापन तथा अनुगमन समितिबाट अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन समेत लेखापरीक्षण पेश भएको छैन । (घ) सम्झौताको वुदा नं ५ र १२ मा सम्झौता कार्यान्वयनका क्रममा सम्झौताका पक्षहरु विच कुनै विवाद उत्पन्न भएमा दुवै पक्षले आपसी छलफल गरी बिवाद समाधान गर्नुपर्ने साथै कार्य क्षेत्रमा हनु सक्ने कुनै पनि वाधा, व्यबधान, विवाद आदि समाधान गर्ने प्रथम पक्षको कर्तव्य हो र प्रथम पक्षको काबु वाहिरको परिस्थिति बाहेक यस प्रकारको गतिविधिबाट दोस्रो पक्ष, स्थानीय गैर सरकरी सझेदारी संस्था, कर्मचारी तथा यी संग सम्बन्धित सरोकारबालहरु लाई कुनै हानी, नोक्सानी आदि भएका सो को सम्पर्ण खर्च, लागत क्षतिपूर्ति आदिमा जिम्मेबारी प्रमुख पक्ष हुने भनि सम्पूर्ण क्षतिको जिम्मेवारी प्रथम पक्ष पालिकालाई बनाई गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपाल क्षति तथा हानी नोक्सानीको दायित्व बाट पन्छिएको अवस्था छ । अतः यस प्रकारको वुदा संसोधन गरी हेफर प्रोजेक्ट नेपाल र पालिकाको जिम्मेवारी स्पष्ट उल्लेख हुनपर्छ ।	
49.	<u>संघिय हस्तान्तरित पूँजीगत</u> प्राबिधिक धार प्रयोगशाला व्यवस्थापन यस पालिकाको वडा नं ६ मा अवस्थित पृथ्वी मा बिलाइ प्राबिधिक धार प्रयोगशाला वापत यस वर्ष गो भौ नं ५१।०७७।३।३१ बाट रु २६०००००।०० निकासा दिएकोमा पृथ्वी मा बि ले ओसियन ट्रेडिङ जनकपुरबाट ५३ प्रकारका ल्यावका सामानहरु रु १४३७१६७।०० र मेड्कोटेक इन्टरनेशनल प्रा ली माइतिघर काठमाडौंबाट २० प्रकारका ल्यावका सामान इन्भर्टर ल्यापटप २ थान समेत रु ९८६४३३।०० गरी कुल रु २४२३६००।०० खरिद गरेकोमा बिद्यालयले जिन्सी दाखिला गरेको प्रमाण पेश नभएकोले जिन्सी दाखिला हुनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार देखिएको छ ।	
49.1.	**अग्रिम आयकर कट्टा नभएको** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसार भुक्तानीमा अग्रिम आयकर १.५ प्रतिशत कट्टा गरी भुक्तानी दिनुपर्नेमा पृथ्वी मा बि ले ओसियन ट्रेडिङ जनकपुरबाट ५३ प्रकारका ल्यावका सामानहरु रु १४३७१६७।०० र मेड्कोटेक इन्टरनेशनल प्रा ली माइतिघर काठमाडौंबाट २० प्रकारका ल्यावका सामान इन्भर्टर ल्यापटप २ थान समेत रु ९८६४३३।०० गरी कुल रु २४२३६००।०० खरिद गरी भुक्तानी दिएकोमा अग्रिम आयकर रु ३२१७१।०० कट्टा नगरी भुक्तानी दिएकोले असुल हुनुपर्ने रु	३२१७१
49.2.	**बढी भुक्तानी** आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पृथ्वी मा बि ले ओसियन ट्रेडिङ जनकपुरबाट ५३ प्रकारका ल्यावका सामानहरु रु १४३७१६७।०० र मेड्कोटेक इन्टरनेशनल प्रा ली माइतिघर	

Scanned with CamScanner

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

काठमाडौंबाट २० प्रकारका ल्यावका सामान इन्भर्टर ल्यापटप २ थान समेत रु ९८६४३३।०० गरी कुल रु २४२३६००।०० खरिद गरी गो भौ नं ५१।०७७।३।३१ बाट रु २६०००००।०० भुक्तानी दिएकोले रु १७६४००।०० असुल गरी राजस्व दाखिला हुनुपर्ने रु

बेरुजू रकम: १७६४००

49.3. **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्वन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्वन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.१३९४१०।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको ले कर समायोजन पेश गर्नुहुने अन्यथा असूल गर्ने रु.

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर कर रकम	५० प्रतिशत रकम
५१।०७७।३।३१	ओसियन ट्रेडिड जनकपुर	६०५५५९०५५	१४३७१६७	१६५३३८	८२६६९
५१।०७७।३।३१	मेड्कोटेक इन्टरनेशनल प्रा ली माइतीघर काठमाडौं	६०६८७५८८४	९८६४३३	११३४८३	५६७४१
	जम्मा				१३९४१०

बेरुजू रकम: १३९४१०

50. **<u>प्रदेश हस्तान्तरित पूंजीगत</u>**

सेवलतिना लिफ्ट खा पा यस योजनाको कुल लागत अनुमान रु ५२७८४८६४।०० रहेकोमा यस वर्ष रु ६८६४१५२।०० को लागत अनुमान तयार गरी इ बिडिङको माध्यमबाट सबैभन्दा कम कबोल गर्ने लक्ष्मी कन्स्ट्रक्सन निर्माण सेवासंग रु ४२२४७९९।०० मा मिति ३१ जनवरी २०२० मा सम्झौता गरे अनुसार रु ४२०१७९९।०० भुक्तानी भएको मध्ये रु १४७८३२०।०० को जि आइ पाइप खरिद गरी वडा नं ६ को वडा कार्यालयमा राखेको भनिएकोमा सो पाइपको जिन्सी दाखिला नभएको र बोलपत्रवाट बचत रकमबाट पुन बोलपत्र गरी थप पाइप अर्जुन रन्जित रन्जन जे भीबाट सम्झौता अनुसारको पाइप रु २६०४७९२।०० खरिद गरी सो योजनाको लागि कुल रु ४०८३११२।०० पाइप जिन्सी दाखिला बिना वडा कार्यालयको कम्पाउण्डमा रहेको पालिकाबाट जानकारी गराइएको छ । यसरी पाइप खरिद गरी मौज्दात राखेको पाइएकोले ति पाइपहरु प्रयोग हुने गरी थप बजेट व्यवस्था गरी लिफ्ट खा पा योजना सम्पन्न गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

संघिय सशर्त , चालु

51. भौ नं ८, २०७७।३।२४ उच्च शिक्षा कार्यक्रम अन्तर्गत ३७ जना विद्यार्थी लाई भर्ना लगायत विभिन्न शुल्कमा गरि श्री जनज्योती क्याम्पसलाई रु ५००००० भुक्तानी दिएको तर सेवामा १५% कर कट्टा गर्नुपर्नेमा १% सा सु कर कट्टा गरेकोले कम कट्टा गरेक रकमर रु ७००००।०० असुल गर्नुपर्ने रु

कट्टा गर्नुपर्ने	कट्टा गरेको	कम कट्टी रकम
५००००० को १५%- ७५०००	५००००० को १%- ५०००	७००००

बेरुजू रकम: ७००००

52. भौ नं ५९.०७७।३।२५ बाट १४ जनाको सुरक्षित गर्भपतन सेवा दिए वापत आवश्यक औषधी खरिद तथा सेवा प्रदायक सहयोगी भता बापत रु ८००।०० का दरले जम्मा रु ११२००।०० भक्तानी भएकोमा औषधि खरिदको विल तथा भत्ता बुझिलिनेको भरपाइ संलग्न भएको रु

बेरुजू रकम: ११२००

53. **भ्रमण खर्च :** लुम्विनीप्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्वन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

Scanned with CamScanner

दफा	भौ.नं., मिति र व्यहोरा	वेरुजू रकम
	• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन वेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य वेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा सम्बन्धमा स्पष्ट हुन सकिएन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा मितव्ययिता कायम गरि खर्चमा नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
54.	**कोभिड विशेष कृषि कार्यक्रम २०७७ :** कोभिड-१९ का कारण भविष्यमा वेरोजगारी बढ्न र दिर्घकालमा खद्य संकत पर्न सक्ने बढी प्रभाविन भएका ज्यालादारी, मजदुर र साना कृषकहरुलाई व्यावसायिक खेती, प्रवर्द्धनबाट रोजगारी तथा आय आर्जनमा सघाउने र भारत लगायत विदेशबाट आउने तरकारी आयातलाई घटाई व्यापार घाटामा पनि कम गराउन कोभिड लक्षित व्यावसायिक तरकारी प्रवद्धन कार्यक्रम संचालन तथा वैदेशिक रोजगारीमा गई भारत लगायत अन्य देशबाट फर्केर युवाहरुलाई कृषि क्षेत्रमा रोजगारी श्रृजना गरी भविष्यमा आउन सक्ने खाद्य संकटको समस्या समाधान गर्न समेत सहयोग पुग्ने उद्देश्य राखी विदेशबाट फर्केका र व्यावसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम संचालनको लागी आर्थिक वर्षको अन्त्यमा रु.५७४०००० प्राप्त गरी १७७ जनालाई रु.४६१९२६३ खर्च लेखेको छ । पालिकाले यस कार्यक्रम बाट सहयोग पाउनेहरुको विवरण राखी निरन्तरता दिए नदिएको अनुगमन गरिनु पर्दछ ।	
	सामाजिक सुरक्षातर्फ	
55.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एस.) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ।	
56.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ ।	
	विपद् व्यवस्यापन	
57.	**समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७९१० मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको र समिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेकोर पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।	
58.	**कार्ययोजना :** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७(२) तथा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमाली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषद/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकिकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरि स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने बजेट विनियोजन गर्न लगाउने सबै पक्षको समन्वय र संलग्न गराउने ।विपद पुर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने ऐन बमोजिम कार्य गरे / नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्याङ्क अद्यावधिक गर्ने विपद् घर परिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी	

Scanned with CamScanner

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	लागु गरी गर्ने, गराउने सम्वन्धि व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरु गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु गराउनु पर्दछ ।	
59.	**वार्षिक प्रतिवेदन–** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ,४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
60.	**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण-** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ ।	
61.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ। उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वयन नगर्ने व्यवस्था छ । पालिकाले जग्गा प्राप्ति र बेचविखन/लिज मा लिने/दिने गरेको तथा हक हस्तान्तरण/जग्गा दर्ता एवं संरक्षण गरेको पाइयो। प्रचलित ऐन, नियम तथा नीति निर्देशन एवं निर्णय बेगर हक हस्तान्तरण/प्राप्ति/लिज/दर्ता वन क्षेत्रको जग्गा प्रयोग गरेको कानुन विपरित देखिन्छ	
62.	**राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सवै वड्डाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै यकिन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।	
63.	**राजश्व दाखिला :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ७ वटा वडा र पालिकाबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।	

Scanned with CamScanner

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

64. **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ मा स्थानिय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदन औल्याइएको विषय वस्तुहरुरु सुधार भए नभएको परिक्षण गर्न तथा आवश्क कारवाहि गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्दछ र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन स्थानीय तहको प्रमुख समक्ष पेश गर्नुपर्ने उल्लेख भएतापनि पालिकाले आन्तरीक लेखापरीक्षण सम्म गराई प्रतिवेदन लिने कार्य भएको सो प्रतिवेदनमा औल्याइएका विषय वस्तुहरु सुधार भए नभएको परीक्षण गर्ने तथा आवश्यक कारवाही गर्ने लेखापरीक्षण समिति गठन गरेको पाईएन। अतः पालिकाले लेखापरीक्षक समिति गठन गरी आन्तरिक लेखापरीक्षणबाट औल्याइएका विषय वस्तुहरु सुधार भए नभएको परीक्षण तथा आवश्यक कारवाही गरी प्रमुख समक्ष पेश गर्नु पर्दछ । आन्तरिक लेखापरीक्षणबाट औल्याइएका विषयवस्तु हरु निम्न छन ।

64.1. **वित्तिय विवरणः** नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार वित्तिय विवरणहरु लेखा निति तयार गरि आ.व. ०७६।७७ देखि अनिवार्य रुपमा लागु गर्नु पर्ने भएता पनि सो कार्य नभएको हुँदा वित्तिय विवरण तयार गरि लेखा राख्नुपर्दछ।

64.2. **आन्तरीक आयः** गाँउसभाले यस आवको आन्तरिक आयमा रु ४००००००। प्राप्त हुने अनुमान गरेको भएपनि व्यवसायिक कर सिफारिस दस्तुर मालपोत र अन्य शुल्क बाट जम्मा रु.१९६७७९१ ।जसमा मालपोत दस्तुर बाट रू ९५०००/- पञ्जिकरण दस्तुर बाट रू २१०७००/- सिफारिस दस्तुर बाट रू २५०३००/- तथा सिलबन्दि दरभाउ, बोलपत्र आवहान दस्तुर मार्फत १४११७९१/- आन्तरिक आय देखिन्छ ।

व्यसाय करः स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ५८ मा पालिकाक्षेत्र भित्र व्यपार व्यवसाय वा सेवामा पुँजिगत लगानी आर्थिक कारोवारको आधारमा व्यावसाय कर लगाउने व्यावस्था छ । तर पालिकाले सो अनुसार कर नलगाई कपडा पसल, फेन्सि, हार्डवेर ,भाँडा पसल जस्ता व्यावसायको प्रकृति अनुसार कर लगाएकोले उक्त कानुनको पालना भएन । यसमा सुधार गर्नु पर्ने देखिन्छ । तसर्थ स्थानीय तहले कर लगाउदा तथा आम्दानी प्राप्त गर्दा विवरण खोलेर आम्दानी जनाउन आवश्यक छ ।

64.3. **मध्यकालिन खर्च संरचनाः** अन्तर सरकारी वित्तिय व्यावस्थापन ऐन,२०७४ को दफा १७ स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी वर्षमा हुने खर्च प्रक्षेपण सहितको गर्नुपर्दछ ।

64.4. **समानीकरण अनुदानः** अर्थ मन्त्रालयले पठाएको अन्तर सरकरी वित्ति हस्तान्तरण सम्बन्धि व्यवस्था मार्ग दर्शन अनुसार महालेखा नियन्त्रक कार्यालयले स्थानीय सञ्चितकोषमा अनुदानको एक चौथाइ प्रत्येक वर्षको श्रावण २५, कार्तिक २, माग २, वैशाखमा गरी ४ किस्तामा दाखिला गर्ने व्यवस्था छ । यस गाउँपालिकामा प्रथम किस्ता असौज ४ गरी दोस्रो किस्ता चैत १२ र तेस्रो किस्ता वैशाख, चौथो किस्ता असार १४ मा प्राप्त भएको देखिन्छ । यसरी समयमानै प्राप्त हुने रकम प्राप्त नहुदा निर्माणमा बाधा पुग्ने भएकोले मार्ग दर्शन पालना गर्नुपर्ने देखिन्छ ।

64.5. **वित्तीय समानीकरण विवरणः** वित्तीय समानीकरण अनुदानबाट खर्च भएको विवरण सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यलयमा प्रत्येक वर्षको कार्तिक १ माघ १ वैशाख १ गते भित्र पेश गर्ने व्यवस्था भएता पनि चौमासिक विवरण पठाएको देखिएन ।

64.6. **वडा सञ्चालन खर्चः** खर्चको विल भरपाई पेश गरि प्रत्येक वडामा देहाय अनुसारको खर्च शिर्षकमा वार्षिक रु २२२०००।०० ले ७ वटा वडामा यो वर्ष रु १५५४०००।०० खर्च लेखेको छ ।

क.स	विवरण	रकम
१	इन्धन	३००००/-
२	सन्चार	१२०००/-
३	स्टेसनरी	६००००/-

Scanned with CamScanner

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

४	खाजा नास्ता	१०००००/-
५	मोटर साइकल मर्मत	२००००/-
	जम्मा	२२२०००/-

उल्लेखित खर्च गरेमा पेश गरेको विल अनुसार सम्वन्धित आपुर्तिकर्तालाई विल अनुसारको भुक्तानी भएको भरपाइ पेश गरेको पाइएन । यस प्रकारको खर्चमा नियन्त्रण गर्न कार्यालयले विशेष ध्यान दिइ सुधार गर्नु पर्ने देखिन्छ ।

64.7. चौमासिक प्रगतिः स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७६ मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरि सङ्घीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तिय आयोगमा पठाउनुपर्ने व्यवस्था भएपनि सो अनुसार गरेको छैन । कानुनको पालना गरि वित्तिय सुशासनको प्रवर्द्धन गर्नुपर्दछ ।

64.8. **योजना कार्यक्रम कार्यन्वन सम्वधमा**

अनुगमन समितिः स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा १६(४) को खण्ड ख को ५मा उपाध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरि सोको प्रतिवेदन बैठकमा पेस गर्ने व्यावस्था छ । मदाने गाउँपालिकामा ५ लाख भन्दा ठुला योजना अनुगमनका लागि गाउँपालिका स्तरीय अनुगमन समिति गठन भएको देखिन्छ। उक्त समितिले के कति योजना अनुगमन गरेयों सोको निर्णय देखिदैन यसमा सुधार गर्नु पर्दछ ।

64.9. समितिको गठनः स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति दफा ६७ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन काम, कर्तव्य, अधिकार तोकेको भएता पनि तदनुसार काम कर्तव्य अधिकारको सदुपयोग गरेको देखिएन।

64.10. **समानिकरण पुँजिगततर्फ**

प्रमाण पेश नभएको आर्थिक कार्यविधि नियावलि २०६४ को नियम ३६ को (८) मा कुनै पनि रकम भुक्तानि दिदा रित पुगेको वा नपुगेको जाँच गरि दिनु पर्ने व्यावस्था छ तर निम्न भुक्तानि दिँदा प्रमाण पेश नभएको रु. — बेरुजू रकम: ६६८१६७

क.श.	भौ.न./मिति	विवरण	रकम
१	५१।२०७७/०३/१२	खानेपानी टयाङ्की वितरण योजना मदाने ७ खानेपानी टयाङ्की खरिद गरेको तर कसलाई कति टयाङ्की वितरण गरियो भन्ने भरपाई पेस नगरी भुक्तानि दिएको टयाङ्की वितरणको भरपाइ पेश गर्नु पर्ने	३५००००
२	९४।२०७७/०३/२२	एक घर एक टयाङ्की वितरण उपभोक्ता समितिबाट खरिद गरिएको तर कसलाई टयाङ्की कति वितरण गरियो भन्ने भरपाई पेस नगरी भुक्तानि दिएको टयाङ्की वितरणको भरपाइ पेश गर्नु पर्ने	२४९२३७
३	१८२।२०७७/०३/२८	महिला भवन निर्माण मदाने ५ कुर्चि, दराज पि.भि.सि कार्पेट खरिद गरेको तर खरिद आदेश दाखिला फारम सो कार्यलयले आफ्नो जिन्सी खातामा आम्दानि पेस नगरि भुक्तानि दिएको खरिद आदेश दाखिला फारम र सो कार्यलयले आफ्नो जिन्सि खातामा आम्दानि जनाएको प्रमाण पेश गर्नु पर्ने	६८९३०
		जम्मा	६६८१६७

64.11. उपभोक्ता समिति बाट खरिदः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ मा सार्वजनिक खरिद योजना तयार गरि खरिद सम्वन्धि कार्य प्रमुख प्रशासकीय अधिकृतको काम कर्तव्य र अधिकार रहने व्यस्था छ । तर उल्लेखित समान उपभोक्ता समितिवाट खरिद गरेको देखियो । यसरी उपभोक्ता समिति वाट खरिद गर्दा खरिद कार्य प्रतिशप्रर्धी, मितव्ययी र पारदर्शी हुन नसक्ने हुँदा ऐनमा भएको व्यावस्था अनुसार खरिद गर्नु पर्ने देखिन्छ ।

क.श	भौ.न./मिति	समानको विवरण	रकम
१	२४।२०७७/०२/२१	दुध डेरि संचालन	१०५००००/-
२	५१।२०७७/०३/१२	खाने पानी टयाङ्की	३५००००/-
३	९४।२०७७/०३/२२	खाने पानी टयाङ्की	२४९२३७/-
		जम्मा	१६४९२३७/-

64.12. उपभोक्ता समितिले कन्टक्याटवाट काम सम्पन्नः

Scanned with CamScanner

रकम	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

सार्वजनिक खरिद नियावली ,२०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राहि समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्दछ र कुनै निर्माण व्यावसयी वा सब- कनटयाक्टरवाट गराउन सकिने छैन । कुनै कारणवश सो समिति वा समुदाय आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सुचना सार्वजनिक निकायलाई दिनु पर्ने व्यावस्था छ । यसरी सुचना प्राप्त भएपछी सार्वजनिक निकायले सो सम्बनधमा आवश्यक जाँच गरि सो समिति वा समुदायसँग भएको सझौता तोडी बाँकी काम ऐन नियावली वमोजिम गराउनु पर्ने व्यावस्था उल्लेख छ । तर आन्तरिक परिक्षण गर्दा ३ लाख माथिका २०७६ माघ देखि २०७७ असारसम्म भौ.न.क्रमश ८,९,१५,२०,४४,६४ मा जम्मा २९४५२६२/- को ६वटा योजनाहरु उपभोक्तावाट गराएको देखियो । यसरी लाभग्राही समुदायवाट खरिद गर्दा रोजगारि श्रृजना भएको खरिद कार्य प्रतिशपर्धि, गुणस्तर, कम लागतमा र पारदर्शी भएको भन्ने आधार देखिएन । नियममा भएको व्यावस्था वमोजिम उपभोक्ता समितिले आफै काम सम्पन्न गरेको भन्ने आधार नदेखिएको हुँदा कानुनको पालना गरी खरिद कार्य कानुन वमोजिम पारदर्शी,गुणस्तर,प्रतिस्पर्धी र लागत मितव्ययी बनाउनु पर्ने देखिन्छ ।

भौ.न.	निर्माण कार्यको विवरण	कन्टक्याटरको नाम	रकम(भ्याट सहित)
८	बाझकटेरी मोटर बाटो मर्मत सुधार	लालुमाया निर्माण सेवा	४५००००/-
९	पुर्कोटदह मोटर बाटो मर्मत सुधार	प्रक्षेपण निर्माण सेवा	४९००००/-
१५	अग्लुङ्ग मोटर बाटो मर्मत सुधार	जुफाल निर्माण सेवा	४०००००/-
२०	पखरचौर खपटे मोटर बाटो मर्मत सुधार	जुफाल निर्माण सेवा	३०००००/-
४४	मलागिरी मोटर बाटो मर्मत सुधार	श्रेष्ठ कन्टक्सन सेवा	४०००००/-
६४	कमेरे पानी मोटर बाटो मर्मत सुधार	रन्जित रन्जन निर्माण सेवा	९०५२६२/-
		जम्मा	२९४५२६२/-

64.13. **मूल्य अभिवृद्धिकरः** सार्वजनिक खरिद नियावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राहि समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमान मा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड ,कन्टिजेन्सी रकम, जनसहभागिता को अंश कट्टागरेर मात्र भुक्तानी दिनुपर्ने व्यावस्था छ । तर कार्यलयले निम्न व्याक्ती वा फर्म हरुलाई भुक्तानी गर्दा मु.अ.क कट्टीनगरेको देखियो नियम अनुसार दाखिला गर्नु पर्ने रु. १३७९०/-

भौ.न.	योजनाको नाम	कुल रकम	कट्टी गर्नु पर्ने रकम	कट्टी गरिएको	कट्टी गरि दाखिला गर्नु पर्ने रकम
७२	लक्कि कन्ट्रसन	३५६२७९/-	२३१५८	२२३५९	८००
८५	वि.एम.पि अर्डर एण्सप्लार्यर				८६०
९९	सिद्धार्थ हाडवेर	३५७७४६४			२३२५
११७	तारा लक्ष्मी निर्माण सेवा	४२०४९७	२७३३२	१७५५७	९८०५
				जम्मा	१३७९०

यसरी राजश्व असुलिमा असर पर्ने देखिन्छ । अतः कानुनको पालना नभएको ले कानुनको पालना गर्नु पर्ने देखिन्छ।

64.14. देहाय अनुसार बहाल कर कट्टि नगरि भुक्तानी दिएकोले असुल हुनुर्ने रु २९७८

भौ.न	योजनाको नाम	बहाल कर कट्टि गर्नु पर्ने रकम	कट्टि गरिएको रकम	कट्टि नगरिएको रकम
८८	बाल नेत्र ज्योति प्रा.वि. पुर्वाधार निर्माण	४१२८/-	२०५०/-	२०७८/-
९१	लाम पाटा खानेपानी योजना	२३००/-	१४००/-	९००/-
	जम्मा	६४२८	३४५०	२९७८

64.15. संघीय सरकार बाट हस्तान्त्रीत कार्यक्रम चालुमा देहायको कार्यक्रमहरुमा विल भर्पाई विना भुक्तानी भएको रु. ४६४००

भौ.न.	व्यक्ति फर्मको नाम	व्यहोरा	रकम
२२	नन्दा कुमारि थापा	सुरक्षीत गर्भपतन गराए वापत	३५२००/-

Scanned with CamScanner

	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	६८ | नन्दा कुमारी थापा | सुरक्षीत गर्भपतन गराए वापत | ११२००/-	
	जम्मा | ४६४००	
64.16.	गो.भौ.नं.१८ मिति २०७७/११/१२ वाट सामाजिक सुरक्षा कर रु.२३९३९/६० दाखिला गर्नुपर्नेमा रु.१६४९८/७१ दाखिला गरेकोले नपूग रु.७४४१/- दाखिला हुनुपर्ने रु.	७४४१
64.17.	धरौटी रकम जम्मा नगरेकोः गो भौ नं ४०।२०७७।२।२२ बाट रु ३१२४५ धरौटी रकम बैंक दाखिला भएको बैंक भौचर पेश नभएको रु	३१२४५
64.18.	<u>सामाजिक सुरक्षा भत्ता</u> सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ मा सामाजिक सुरक्षा भत्ता पाउन निवेदन दिनु पर्ने निवेदन प्राप्त भएमा स्थानिय तहले सात दिन भित्र आवश्यक कारवाही गरि निर्णय गर्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा कार्य विधि २०७५ को दफा २२ मा बैङ्क मार्फत भत्ता वितरण गर्नु पर्ने अन्यथा मन्त्रलयको स्वीकृति विना हातहतै नगद वितण गर्न नपाइने व्यवस्था छ । भत्ता वितरण गर्दा पालिकाले हालसम्म बैङ्क मार्फत नगरी एवम मन्त्रालयको स्विकृति वेगर वडा सचिव मार्फत नगदै वितरण गरेको देखियो । यस कार्यमा सुधार गरि कानुन बमोजिम भत्ता वितरण गर्नु पर्ने देखिन्छ । साथै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहिहरुको एम.आइ.एस रेकर्डमा अध्यावधिक गरि वितरण गर्नु पर्ने देखिन्छ । साथै तत्काल सामाजिक सुरक्षा भत्ता वैंक मार्फत वितरण गर्नु पर्ने देखिन्छ । **रकम फिर्ता नगरेकोः** वडा नं ६ रेशम लाल भुषाल ले सामाजिक सुरक्षा भत्ता प्रथम किस्तामा जम्मा रु३३६४०००/- निकासा भएकोमा वितरण भरपाइ रु३२०९८००/- पेश भएकोले फिर्ता गर्नु पर्ने रकम १५४२००/-मध्ये रु१२७०००/- फिर्ता गरेकोले रु २७२००/- फिर्ता हुन बाँकी देखिएको रकम राजस्व दाखिला हुनुपर्ने रु.	२७२००
64.19.	**मूल्य अभिवृद्धिकरः** सार्वजनिक खरिद नियावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राहि समुदायलाई निर्माण कार्य वा सेवाको काम दिदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड ,कन्टिजेन्सी रकम र जनसहभागिता को अंश कट्टागरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यलयले भौ.न.१६४ को मिति २०७७/१२/०२ सुचना प्रकाशन तथा पत्रपत्रिका छपाई बापतको रु५४०००/- को मु.अ.क रु ३५१०/-कट्टि गर्नु पर्नेमा रु २७०० मात्र कट्टि गरिएको बाँकि रकम ८१० र गो भौ नं ३०८ मा रु २३२०।०० कट्टी नगरेकोले रु ३१३०।०० मू अ कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु	३१३०/-
64.20.	**अथिति सत्कार** :गाएत्रि भुषालको नाममा अतिथि सत्कार भनि रु.१४२२०/- भुक्तानी दिएको देखिन्छ । कुन अतिथी, के कामको लागी, कति जना ,कुन मितिमा आई खर्च भएको भन्ने कुनै तथ्यपुर्ण आधार नभइ एउटा होटलको विलको आधारमा रकम भुक्तानी भएको देखिन्छ । यसरी विलको आधारमा मात्रै भुक्तानी दिंदा खर्चमा वृद्धि हुन सक्ने भएकोले पालिकाले पुष्टाइ सहित प्रमाण पेश हुनुपर्ने रु	१४२२०/-
64.21.	**विल वेगर भुक्तानी** गो भौ.नं १२२ नन्दा कुमारी थापा पुर्कोटदह स्वास्थ्य चौकिको विद्युतविल ३५५५/- को भएको तर विल भुक्तानी ७०४०/- भएको बाँकी रकम ३४८५/- असुल हुनुपर्ने रु.	३४८५/-
64.22.	**खेलकुद विकास कार्यक्रमः** भौ.न १५५२ लाख वरावरको खेलकुद विकास कार्यक्रम उपभोक्ता समिति मार्फत गराउदा खेल प्रतिशपर्धी,मितव्ययी र प्रभावकारि हुन नसक्ने हुँदा यस्ता कार्यक्रमहरु गाँउपालिकाको शिक्षा तथा खेलकुद शाखाबाट गराउदा प्रभावकारी हुने हुँदा पालिकाले यस तर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ।	
64.23.	**कोभिड कार्यक्रको लागीः**कोटेशन विना खरिद सामग्रि को भुक्तानी गरेको बिबरण देहाय अनुसार रहेको छ ।	

भौ.न.	पेस्कीरकम लैजानेको नाम थर	सामग्री खरिदको ब्यहोरा	जम्मा रकम	कैफियत

Scanned with CamScanner

भौ.नं, मिति र ब्यहोरा					बेरुजु रकम
४६	गुरुंग बि.सी	खाधान्य सामग्री खरिद गरेको	२५००००/-		
४७	नारायन घर्ती	खाधान्य सामग्री खरिद गरेको	२३०१३०/-		
४८	हिमाल खडका	खाधान्य सामग्री खरिद गरेको	२२४९५८/-		
४९	तोकम कुँवर	खाधान्य सामग्री खरिद गरेको	२४५३४९/-	बाँकि रकम ४६५१को बिल भरपाई नभएको	
५८	प्रेम चन्द बोहोरा	खाधान्य सामग्री खरिद खाधान्य सामग्री खरिद गरेको	२१५०१७/-		
५९	माधव भुसाल	खाधान्य सामग्री खरिद गरेको	२२११९७/-		
६२	भिम प्रसाद भट्टराई	खाधान्य सामग्री खरिद गरेको	१३२०००/-	बिल भरपाई२४९,०००को मात्र भएको १००० बैंकमा दाखिला गर्नु पर्ने	
७६	जित कुमारी ढेगा	खाधान्य सामग्री खरिद गरेको	३३८०६७/-		
९०	ठगुराम भट्टराई	खाधान्य सामग्री खरिद गरेको	४३१०४२/-		
९३	नरेन्द्र कुमार हमाल	खाधान्य सामग्री खरिद गरेको सार्थै कसलाई कति खाधान्य वितरण गरियो सोको भरपाई राख्नु पर्ने ।	४२०७२४/-	खाद्य सामग्र वितरणको भरपाई राख्नु पर्ने	
९४	विष्णु प्रसाद भुसाल	खाधान्य सामग्री खरिद गरेको	१७२२५०/-		
९९	निर्मला अर्याल	खाधान्य सामग्री खरिद गरेको	४८७८९९/-	५०००००/-पेस्कीलगेको ४९७५९९/-कोबिल भरपाई रहेको बाँकी रकम२४००/-असुल गर्नु पर्ने	
		जम्मा	३३६८६३३/-		

64.24. **प्रमाण पेस नगरि भुक्तानी** :आर्थिक कार्यविधि नियवली, ६४ को उफ दफा ४७ (१)मा कार्यलय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरि वा नगरि वा कुनै प्रकारले हस्तान्त्रण भई वा वस्तुगत सहाता वा अन्य कुनै प्रकार बाट प्राप्त हुन आयका जिन्सी माल समानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी श्रेस्ता खडा गरी अद्यावधिक गर्नु पर्ने व्यवस्ता छ । तर कार्यलय मा देहाय बमोजिमको खरिद गर्दा प्राप्त भएका निम्नानुसार समानहरु आम्दानी बाँधेको नदेखिएकोले आम्दानी बाँधी सो को प्रमाण पेश हुनुपर्दछ।

भौ.न.	विवरण	पेस्कि लगेको	प्रमाण पेश गर्नु पर्ने	रकम
६३।२०७७/०१/२८	क्यारेन्टाईन निर्माण को लागि डसना बलाङकेट,तन्ना	जित कुमारिढेगा	खरिद आदेश स्वीकृत, दाखिला फारम प्र.प्र.अ.ले स्वीकृत, गरी जिन्सी खातामा आम्दानि बाँधेको तथा वितरण गरेको भरपाई	२३०००
७२।२०७७/०२/२९	क्यारेन्टाईनमा खाना वनाउन थाल,कुकर,बाल्टी, जग आदी	सरस्वति खनाल	खरिद आदेश स्वीकृत, दाखिला फारम प्र.प्र.अ.ले स्वीकृत गरी जिन्सी खातामा आम्दानि बाँधेको तथा वितरण गरेको भरपाई	१७६९०
७८	भट्टी चुलो ग्याास पाईप चेक त्रिपाल	जित कुमारी ढेगा	खरिद आदेश स्वीकृत, दाखिला फारम प्र.प्र.अ.ले स्वीकृत गरी जिन्सी खातामा आम्दानि बाँधेको तथा वितरण गरेको भरपाई	५४२०
१२२	बलाङकेट,कम्बल,तन्ना, डसना	हुम बहादुर खडका मदाने २	खरिद आदेश स्वीकृत, दाखिला फारम प्र.प्र.अ.ले स्वीकृत गरी जिन्सी खातामा आम्दानि बाँधेको तथा वितरण गरेको भरपाई	३१३९०
१६४	किचनको सामग्रि खरिद	खनाल सप्लार्स	खरिद आदेश स्वीकृत, दाखिला फारम प्र.प्र.अ.ले स्वीकृत गरी जिन्सी खातामा आम्दानि बाँधेको तथा वितरण गरेको भरपाई	४५५५
१७७	क्यारेनटटाईन सञ्चानको लागी भाँडा	विकाश घर्ति	खरिद आदेश स्वीकृत, दाखिला फारम प्र.प्र.अ.ले स्वीकृत गरी जिन्सी खातामा आम्दानि बाँधेको तथा वितरण गरेको भरपाई	४५५५
१७८	क्यारेनटटाईन सञ्चानको लागी भाँडा खरिद खनाल सफ्लायर्सको बिल न.५३९ र५३७	विर व ओली	खरिद आदेश स्वीकृत, दाखिला फारम प्र.प्र.अ.ले स्वीकृत गरी जिन्सी खातामा आम्दानि बाँधेको तथा वितरण गरेको भरपाई	२३४६९
१७९	खनाल सफ्लायर्स बिल न.५५४ बाट बाल्टी, कुकर,जग	जित कुमारि ढेगा	खरिद आदेश स्वीकृत, दाखिला फारम प्र.प्र.अ.ले स्वीकृत गरी जिन्सी खातामा मा आम्दानि बाँधेको तथा वितरण गरेको भरपाई	९६१६
१८१	क्यारेनटटाईन सञ्चानको लागी कम्बद,प्रिफम,खरिद	साहित्य भुसाल मदाने ६	खरिद आदेश स्वीकृत, दाखिला फारम प्र.प्र.अ.ले स्वीकृत गरी जिन्सी खातामा मा आम्दानि बाँधेको तथा वितरण गरेको भरपाई	१७०००

Scanned with CamScanner

	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
25	१८४,२०७७/०३/३० बाट क्यारेन्टाइनमा खाना वापत तारा प्रसाद श्रेष्ठ लाई विलको आधारमा भुक्तानी भएकोमा खाना खानेको उपस्थिति र बिबरण बिना भुक्तानी भएकोले औचित्य पुष्टाइ सहित प्रमाण पेश हुनुर्ने रु.	२३५००
26	११४,२०७७/०३/२५ बाट झविनद्र कामीलाइ २४ दिन काम गरेको दिनको ४५०।०० का दरले १०८००/- दिनुपर्नेमा १३५००।०० दिएकोले बढी दिएको रु २७००।०० असुल गर्नु पर्ने रु.	२७००
27	१२१,२०७७/०३/२८ बाट वासुदेव पन्थी मदाने ७ लाइ क्यारेनटाइ तया हेल्प डेक्समा डोर हाजिर अनुसार काम गरेको ४५ दिनको दिनको ४५०।०० ले २०२५०/- दिनुपर्नेमा २३४००/- दिएकोले बढी दिएको रु ३१५०।०० असुल गर्नु पर्ने रु.	३१५०

Scanned with CamScanner

कोभिड -१९ तर्फ कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७७ आषाढमसान्त सम्म देहाय अनुसार आम्दानि खर्चको विवरण पेश गरेको छ ।

बजेट /आम्दानीको श्रोत	रकम	खर्च शीर्षक	२०७७ बषाढ मसान्त सम्म खर्च रकम
प्रदेश सचित कोषबाट	१००००००	राहत विवरण	४८६११००
स्थानीय तहको आफ्नै बजेटबाट	४६१७३९५	क्वारेनटाइन होल्डीङ्ग सेन्टर निर्माण व्यवस्थापन	४७५८३०
संघीय कोभिड कोषबाट	५४१६२५	क्वारेन्टाइन स्थलमा खाना खाजा	१७७८०९२
स्थानीय विकास पूर्वाधार विकास कार्यक्रम	५३०००००	स्वास्थ्यकर्मि जनशक्ति परिचालन	१२५९३२१
मूख्य मन्त्रि ग्रामिण विकास सहायता	५५००००	औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरीद	१८२६५१७
हेफर सहायता	५००००	सामाग्री खरिद	१५९७६४४
मैत्रि सहायता	२५०००	भारत तथा नेपालका विभिन्न सहरमा रहेका नागरिकहरुको उद्दार	४७८८३५
साकेड नेपाल	२११११	सचेतना मुलक कार्यक्रम	२५४३६०
		क्वारेन्टाइन वायरीड खर्च	४१३२१
		गाउपालिका सीमा नाका सुरक्षा क्वारेन्टिन सुरक्षा/	८९९५५८
		हेल्प डेक्स निर्माण तथा संचालन	४३८७०
		जनशक्ति परिचालन	६७१५०
		अन्य शिर्षकमा भएको खर्च	१५२१७७
जम्मा	१२१०५१३१	जम्मा	१३७३५७७५

(क) प्राप्त विवरणमा खर्चतर्फ जोडजम्मा रु.१३७३५७७५/- देखिएको तर आय जम्मा रु.१२१०५१३१/- उल्लेख गरिएको छ । अतः रु.१६३०६४४/- आय भन्दा खर्च बढी उल्लेख भएकोले पालिकाले यस सम्बन्धमा पुष्टयाई सहित प्रमाण पेश गर्नुपर्दछ। पालिकाले शिर्षकगत खर्च अभिलेख राखिएको छैन । खर्च भिडान गर्न सकिने अवस्था नभएकोले खर्च शीर्षकगत अभिलेख राखु पर्दछ ।

(ख) विपद् व्यवस्थापन कोष खाता को बैंक नगदी किताव अनुसार रु.११३२००२६/- मध्ये विपद् व्यवस्थापन तर्फ ४४२२१६/- र कोभिड -१९ को लागि रु.१०८७५८१०/- खर्च भएको छ। जोखिम भत्ता खर्च रु.१२५९३२१/-चालु खर्च खाताबाट खर्च लेखिएको जम्मा कोभिड-१९ को लागि रु.१२१३५१३१/- खर्च लेखेको देखियो ।

वडा नं.	रकम	क्वारेन्टिन	वेड संख्या	बसेको
१	५९४००८	६	१३९	१७०
२	२६७८९६	२	६२	७९
३	४२४४००	३	५०	७६
४	२५२३९९	४	३०	४८
५	३३४९२०	४	३४	४९
६	७४४९९०	१	६०	११३
७	५८४७९४	५	४८	६३
जम्मा	३२०३४०७	२५	४२३	५९८

66.	**जोखिम आंकलन र पूर्व तयारीः** पालिकाले कोभिड-१९ महामारीको जानकारी पश्चात गर्नुपर्ने तयारीहरु प्रवेश विन्दुमा निगरानी, प्रवेश विन्दुमा स्क्यानीङ्ग, समुदाय तह स्क्यानिङ्ग, इमरजेन्सि रेस्पोन्स टिम परिचालन क्वारेन्टाइन व्यवस्थापन, आइसोलेशन केन्द्र स्थापना सम्बन्धि कार्यहरुको कार्य योजना तयार गरि कार्य गरेको पाइएन ।
67.	**जोखिम भत्ता :** नेपाल सरकरा द्वारा जारि भएको कवरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्वस्थापन आदेश २०७७ को दफा ७ (ङ) मा अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५०% र कन्टयाक ट्रेसिङमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टिनमा खटिएका जनशक्तिलाई ७५% जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ। सो अनुसार अग्रपंत्तिमा खटिएको स्वास्थ्यकर्मी तथा कर्मचारीको लागि जोखिम भत्ता रु.१२५९३२१/- खर्च लेखेको छ

Scanned with CamScanner

जोखिम भत्ता पाउने विवरण	संख्या	खर्च
स्वास्थ्य कर्मि	४१	१०२८८६७
प्रशासनिक कर्मचारी	३	२३०४०४
	जम्मा	१२५९३२१

क्वारेनटाइन र आइसोलेसन व्यवस्थापनः पालिकाले २४ वटा विद्यालय १ वटा घरमा गरी २५ वटा क्वारेन्टिन/होल्डिङ सेन्टर राखेको र सवै क्वारेन्टिन/होल्डिङ सेन्टर हरुमा ४२३ वेड संख्या रहेको दैनिक रुपमा ४२३ जना सम्म वस्न सक्ने क्षमता रहेको र आषाढ मसान्त सम्म क्वारेन्टिन/होल्डीङ सेन्टरहरुमा ५९८ जना वसेको प्राप्त विवरण अनुसार देखिन्छ। पालिका अन्त्रगतका वडा गत रुपमा निम्न वमोजिम क्वारेन्टिन/होल्डिङ सेन्टरहरु रहेको र व्यवस्थापन प्रयोजनको लागि रु.३२०३४०७/- खर्च भएको विवरण प्राप्त भएको छ ।

वडा नम्वर	क्वारेन्टिन सेन्टर संख्या	वेड संख्या	आषाढ मसान्त सम्म वसेका संख्या	व्यवस्थापन खर्च रकम
१	६	१३९	१७०	५९४००८
२	२	६२	७९	२६७८९६
३	३	५०	७६	४२४४००
४	४	३०	४८	२५२३९९
५	४	३४	४९	३३४९२०
६	१	६०	११३	७४४९९०
७	५	४८	६३	५८४७९४
जम्मा	२५	४२३	५९८	३२०३४०७

३. **राहत वितरण सम्बन्धमाः** सार्वजनिक खरीद ऐन २०६३ को दफा ६६ मा विशेष परिस्थिति उत्पन्न भई तत्काल खरीद नगर्दा सार्वजनिक निकायलाई थप हानी नोक्सानी हुने अवस्था आइ परेमा सार्वजनिक निकायले तत्काल खरीद गर्नु गराउने सकिने र तत्काल खरीद सम्बन्धि विस्तृत विवरणको जानकारी एकतह माथिको अधिकारीलाई दिनुपर्ने उल्लेख छ साथै सार्वजनिक खरीद नियमावली २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा खरीद गर्ने सम्बन्धि व्यवस्था अनुसार ऐनको दफा ६६ वमोजिम खरीद गर्दा सार्वजनकि निकायले खरीदको आवश्यकता लिखित विवरण,गुणस्तर,परिमाण,शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराइ वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ पत्र वा प्रस्ताव लिइ स्वच्छ र उचित मूल्यमा वार्ता गरि खरीद गर्नुपर्ने उल्लेख छ । तर पालिकाले गुजारा चलाउन नसक्नेहरुका लागि राहत उपलब्ध गराउन वडा कार्यालयहरुलाई जिम्मा दिई वडा कार्यालयहरुले राहत वितरण गर्नको लागी सोझै आपूर्तिकर्ताहरु संग खरीद गरी वितरण गरिएको छ। निम्न गोश्वरा भौचरबाट निम्न आपूर्ति कर्ता संग खरीदगरी वितरण गरिएको छ।पालिकाले वितरण गरेको विवरण निम्न बमोजिम दिएको छ फाटवारी र विवरण फरक देखिएको छ।पालिकाले वास्तवमा वितरण गरेको आधारमा विवरण तयार गरेको देखिएन ।

वडा नं.	पेश्कि लिनेको नाम	पेश्कि रकम	आपूर्ति कर्ता	खर्च रकम	वितरण संख्या
प्रथम चरण					
१	प्रेम चन्द्र वोहरा	२५००००	सुन्जला सुमन अर्डर एण्ड सप्लायर्स समेत	२५०८३७	१२७
२	माधव प्रसाद भुषाल	२५००००	सुन्जला सुमन अर्डर एण्ड सप्लायर्स समेत	२५२१८०	११२
३	नारायण घरी	२५००००	मदन खाद्य भण्डार समेत ३ वाट	२४२३९१	११४
४	भिम प्रसाद भट्टराई	२५००००	गंगा सागर ट्रेडर्सबाट	२४९९९९	१०८
५	हिमाल खड्का	२५००००	सुन्जला शुभम अर्ड एण्ड सप्लायर्स मर्मत	२४८१७८	११६
६	तोप बहादुर कुवर	२५००००	सुन्जला शुभम अर्डर एण्ड सप्लायर्स मर्मत	२४५३४९	११७
७	सुरेश जि.सि.	२५००००	न्यू शुभ जि.सि.	२५३६८९	१२३
दोस्रो चरण					
१	नरेन्द्र कुमार हमाल	४५००००	कक्षपति ट्रेडर्स	४५००००	२१०
२	ठगुराम भट्टराई	५०००००	भुवन स्टोर्स समेत ३ वटा	४८३२७६	२११

Scanned with CamScanner

३	निर्मला अर्याल	५०००००	न्यू शुभ जि.सि.		
४	विष्णु प्रसाद भुसाल	३२५०००	गंगासागर ट्रेडर्स	५०००००	२२३
५	विर बहादुर ओली	३७५०००	सन्जुला सुभम अर्डर एण्ड सप्लायर्स मर्मत २ वाट	३२५०००	१४५
				३७५०११	१६८
६	जित कुमारी ढेंगा	४२५०००	वन्दना किराना स्टोर्स समेत २ वटा		
७	सुरेश जि.सि.	४७५०००	न्यू शुभ जि.सि.स्टोर्स	४२५०७०	१७५
जम्मा		४८०००००		४७५५५१	१९९
				४७७६५०१	२१४८

(क) गो.भौ.नं. ४९-०७७/१/२६ वाट वद नं. ६ को वडा अध्यक्षबाट राहत वितरणको विल भर्पाइ रु.२४५३४९/- को पेश भएकोमा निजको पेश्कि रु.२५००००/- फछ्र्यौट गरेकोले विल भर्पाइ भन्दा बढी पेश्की फछ्र्यौट भएको रु. ४६५१

70. **केश अनुसन्धान तया कन्ट्याक्ट ट्रेसः** पालिकाबाट प्राप्त विवरण अनुसार केश अनुसन्धान तथा खोज पड्तालका लागि २ टिम गठन गरी परिचालन गरिएको र खोज पड्ताल गरिएका ५४ संख्या मध्ये १ संख्या संक्रमित नभएको देखिन्छ । २०७७/२/८ मा संक्रमणबाट मृत्यू भएका व्यक्तिको परिवार तथा निकटमा रहेका व्यक्तिहरुको मिति २०७७/२/९ मा कन्ट्याक ट्रेसिङ ३० जनामा गरिएकोमा १ जना संक्रमित पहिचान भएको सोहि व्यक्तिको कन्ट्याक्टरमा रहेका अन्य व्याक्तिहरु २४ जना कन्ट्याक ट्रेसिङ गर्दा कुनै संक्रमित पहिचान नभएको विवरण उल्लेख छ ।

71. **औषधि,स्वास्थ्य सामाग्रि एवं उपकरण खरीदः** सार्वजनिक खरीद ऐन २०६३ को दफा ६६ मा विशेष परिस्थिति उत्पन्न भई तत्काल खरीद नगर्दा सार्वजनिक निकायलाई थप हानि नोक्सानी हुने अवस्था आई परेमा सार्वजनिक निकयाले तत्काल खरीद गर्न गराउन सकिने र तत्काल खरीद सम्वन्धि विस्तृत विवरणको जानकारी एक तह माथिको अधिकारीलाई दिनुपर्ने उल्लेख छ । साथै सार्वजनिक खरीद नियमावली २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा खरीद गर्ने सम्वन्धि व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरीद गर्दा सार्वजनिक निकायले खरीदको आवश्यकता लिखित विवरण, गुणस्तर, परीमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिको लागी मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्ति कर्ता परामर्शदाता वा सेवा प्रदायकसंग लिखित दरभाउपत्र वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यमा वार्ता गरि खरीद गर्नुपर्ने उल्लेख छ । तर पालिकाले उक्त विधि अनुसार खरिद गरेको छैन । पालिकाबाट प्राप्त विवरण अनुसार औषधि तथा स्वास्थ्य सामाग्री पटक पटक निम्न आपूर्तिकर्तावाट सोझै रु.१८२६५१७/- को खरिद गरेको छ ।

आपूर्तिकर्ताको नाम	खरीद मिति	रकम	खरीद मध्य मूख्य सामान	संख्या	दर
मेडिक्स मेडिकल सप्लायर्स	०७६/१२/१०	९४६९२	ह्याण्ड स्यानिटाइजर १००० एम.एल	३२	१३२५
वि.वि.एम इन्टरनेशनल	०७७/१/१४	४१६१५०	टप ग्लोव्स	२०० पिस	५४०
			कटन मास्क ३ लेयर	७०० थान	३५
प्रतिमा ट्रेडर्स एण्ड सप्लायर्स	०७६/१२/५	७२०००	थर्मल गन	८ थान	९०००
कृष्ण इन्टरनेशनल	०७६/१२/५	११८७५०	पि.पि.सेट	२५ वटा	३८००
कुसुम ल्याव सर्जिकल सप्लायर्स	०७६/१२/१	१९५००	सर्जिकल मास्क	१३ कार्टुन	१५००
शरण मेडिसिन डिस्ट्रिव्युटर्स	०७६/१२/३०	२१८२०	कटन मास्क	५०० वटा	३५
इन्भिटो ट्रेडर्स कन्सर्न प्रा.लि.	०७७/२/३२	३३१५००	आर.डि.टि. किट	५०० किट	६६३
मार्स मिडिया	०७७/३/३२	४१३४००	एन.डब्लु मास्क २ लेयर	१५५०० पिस	२०
महेश फर्मा	०७७/२/१५	८८००	सेनिटाइजर १०० एम.एल.	१० पिस	२००
ए.वि.सि.ट्रेड कन्सर्न	०७७/२/७	३२९९०५	पि.पि.इ सेट	४० सेट	४३७५
			थर्मोमिटर ननकन्ट्याक्ट	१३ वटा	८१८५
	जम्मा	१८२६५१७			

Scanned with CamScanner

अनुसुची १

मदाने गाउँपालिका
सञ्चित कोष विवरण
आर्थिक वर्ष २०७६/०७७

(रु. हजारमा)

क.स.	स्थानिय तह	जिल्ला	आय: गत वर्षको जिम्मेवारी	आय: संघ तथा प्रदेश अनुदान	आय: राजश्व बाँडफाड रकम	आय: आन्तरिक आय	आय: अन्य आय	जम्मा आय	व्यय: चालु खर्च	व्यय: पूँजिगत खर्च	व्यय: अन्य खर्च	व्यय: जम्मा खर्च	मौज्दात
			१	२	३	४	५	(२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	मदाने गाउँपालिका	गुल्मी	६२४६	३१५६३२	५०८६५	११६८	९२४४०	४६७१५१	२६५७८६	१३९३९८	३१६२६	४३६८१०	३०३४१

अनुसुची २

बेरुजु बर्गीकरण
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

क.स	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजु: दफा संख्या: सैं	प्रारम्भिक बेरुजु: दफा संख्या: लग	प्रारम्भिक बेरुजु: रकम	प्रतिक्रियाबाट फछ्यौट: दफा संख्या: सैद्धा	प्रतिक्रियाबाट फछ्यौट: दफा संख्या: लगती	प्रतिक्रियाबाट फछ्यौट: रकम	बाँकी बेरुजु: दफा संख्या: सैद्धान्ति	बाँकी बेरुजु: दफा संख्या: लगती	बाँकी बेरुजु: रकम	बाँकी बेरुजु: असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने: अनियमित भएको	नियमित गर्नुपर्ने: प्रमाण कागजत पेश नभएको	नियमित गर्नुपर्ने: राजस्व लगत जिम्मेवा नसारेको	नियमित गर्नुपर्ने: सोधभ नलिए	नियमित गर्नुपर्ने: जम्मा	पेश्की	पेश्की: अन्य	पेश्की: जम्मा
१	गुल्मी	मदाने गाउँपालिका	८७	२४	२५४६	०	०	०	८७	२४	२५४६	१५८४	३८	९२४	०	०	९६२	०	०	०

अनुसुची-

अद्यावधिक बेरुजु स्थिति

(रु. हजारमा)

क.स	स्थानीय तहको नाम	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो बर्षको फछ्यौट	बाँकी	यो बर्ष सं.प.बाट कायम भएको बेरुजु	यो बर्षको बेरुजु	कुल बाँकी बेरुजु
१	मदाने गाउँपालिका	गुल्मी	३०४१	०	३०४१	०	२५४६	५५८७

Scanned with CamScanner